(सूचनाको हक सम्बन्धी ऐन-२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल कात्तिक १ गते देखि २०८१ साल पौष मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


धुनिवेशी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जुगेडी, धादिङ
बागमती, प्रदेश, नेपाल।
फोनः०१०-४०११९७, इमेलः-dhunibeshimun@gmail.com

# विषय सूची


१. निकायको स्वरुप र प्रकृति.......................................................................... २

२. निकायको काम, कर्तव्य र अधिकार................................................................ १०

३. निकायमा रहने कर्मचारीको विवरण ................................................................ १०

४. निकायबाट प्रदान गरिने सेवा ........................................................................१७

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी.............................................१७

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ..................................................................१७

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी...................................................................... १८

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी ................................................................. १८

९. सम्पादन गरेको कामको विवरण..................................................................... १८

१०. ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची .............................................३२

११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण.................................३२

१२. तोकिए बमोजिमको अन्य विवरण.....................................................................३२

१३. धुनिवेशी नगरका निर्वाचित जन प्रतिनिधिहरुको विवरण...............................................३२

१४. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद................................................. ३४

# १. निकायको स्वरुप र प्रकृति

## धुनिवेशी नगरपालिकाको संक्षिप्त परिचय

**स्थापनाः**

नेपालको राजधानी काठमाण्डौंको प्रवेशद्धारमा अवस्थित धुनिवेशी नगरपालिकाको स्थापना वि.सं. २०७३ साल फाल्गुण २७ गते भएको हो। नेपालको संविधान अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या र सिमाना निर्धारण गर्न नेपाल सरकारबाट गठन भएको आयोगको सिफारिस र नेपाल सरकारको निर्णय अनुसार राजपत्रमा सूचना प्रकाशन भई नगरपालिकाको सिमाना र क्षेत्र कायम भएको हो।

वागमती प्रदेशको धादिङ जिल्लामा पर्ने यो नगरपालिका संघीय राजधानी काठमाडौंबाट २० कि.मी र जिल्ला सदरमुकाम धादिङवेशीबाट ७० कि.मी.को दुरीमा रहेको छ। यस नगरपालिकाको कुल क्षेत्रफल ९८.६४ वर्ग किमी रहेको छ।

पृथ्वी राजमार्ग र त्रिभुवन राजपथ यही नगरपालिका हुँदै गएका छन् र यी दुई राजमार्गहरू नौविसे बजारमा आपसमा जोडिएका छन् भने यी राजमार्गमा नगरका मुख्य बजार केन्द्रहरू नौविसे, धार्के, खानीखोला रहेका छन्। नगरपालिकाको सबै वडामा कच्ची मोटर बाटो पुगेको छ। अधिकांश सडकहरूमा ग्राभेल गर्ने काम सम्पन्न भएका छन् भने केही सडकहरूमा कालोपत्रे गर्ने कार्यको सुरुवात गरिएको छ। धार्के-बाडभन्ज्याङ, धार्के-सितापाइला, धार्के जीवनपुर सडकहरु कालोपत्रे सडकहरु हुन।

**ऐतिहासिक पृष्ठभूमी**

धुनिवेशी नाम कसरी रह्यो भन्ने सम्बन्धमा विभिन्न भनाइहरू रहेको पाईन्छ। कतिपयले यहाँ धुनिखोला रहेको र यसै खोलामा वेशीतर्फ रहेको ठाउँलाई धुनिवेशी भन्ने गरियो भन्छन् भने कतिपयले पहिले यस ठाँउमा उखुबाली धेरै हुने र सख्खर वनाउन धुनि लगाइरहने गरेकोले यस ठाउँको नाम धुनिवेशी रहन गएको भन्ने गरेको पाईन्छ। यस नगरपालिका धुनिवेशीमा रहेको धुनिवेशी भन्ने ऐतिहासिक ठाउँकै नामबाट यो नगरको नामकरण गरिएको हो।

**सिमानाः**

पूर्वः चन्द्रागिरी नगरपालिका, नागर्जुन नगरपालिका, तारकेश्वर नगरपालिका, शिवपुरी राष्ट्रिय निकुञ्ज, काठमाण्डौं पर्दछ।

पश्चिमः थाक्रे गाउँपालिका, धादिङ।

उत्तरः बेलकोटगढी न.पा. र ककनी गा.पा. नुवाकोट

दक्षिणः थाहा नगरपालिका, मकवानपुर ।

**स्थानीय तहको पुर्नसंरचनाः**

यो नगरपालिका साविकका ३ गाविसहरू छत्रेदेउराली, जीवनपुर र नौविसेको भू-भागलाई समायोजन गरी बनेको छ। जसलाई देहायबमोजिम तालिकामा देखाइएको छ। धुनिवेशी नगरपालिकाको साविकको गाविस, वडाहरू देहायबमोजिम कायम भएका छन्।

**तालिका नं.१**

**साविक गाविसको वडाबाट नगरपालिकामा परिवर्तित अवस्था तथा वडा कार्यालय**

| हालको वडा नं. | समावेश भएका साविक गाविस | साविकका गाविसका वडा | हालको वडा कार्यालय रहेको स्थान |
|---|---|---|---|
| १ | छत्रेदेउराली | ६, ७, ८, ९ | भञ्याङ पोखरी |
| २ | छत्रेदेउराली | १, २, ३, ४ र ५ | रातामाटे |
| ३ | जीवनपुर | ५, ६, ७ | रमाईलो चौर |
| ४ | जीवनपुर | १, २, ३, ४ | जीवनपुर भञ्याङ |
| ५ | जीवनपुर | ८ र ९ | अमलेचौर |
| ६ | नौविसे | १ र ९ | गौचरन |
| ७ | नौविसे | ७ र ८ | खानीखोला |
| ८ | नौविसे | २ र ६ | खानीखोला |
| ९ | नौविसे | ३, ४ र ५ | टायलघर नयाँवस्ती |

**स्रोतः नेपाल राजपत्र**

**भू-धरातलः**

भू-सुचना प्रणाली (GIS) अनुसार यस नगरपालिकाको भु-धरातललाई विभाजन गर्दा ५ डिग्रीसम्म भिरालोपना भएको ५.०२ प्रतिशत, ५ देखि १५ डिग्री सम्म भिरालोपना भएको १५.४४ प्रतिशत र १५ डिग्री देखि ३० डिग्रीसम्म ४३.०२ रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका नं. २**

**भिरालोपना तथा यसले ढाकेको क्षेत्र**

| क्र.सं. | भिरालोपना | क्षेत्रफल (हे) | प्रतिशत |
|---|---|---|---|
| १ | ५ डिग्रि सम्म | ४.९५ | ५.०२ |
| २ | ५ डिग्रि देखि १५ डिग्रि सम्म | १५.२३ | १५.४४ |
| ३ | १५ डिग्रि देखि ३० डिग्रि सम्म | ४२.४३ | ४३.०२ |
| ४ | ३० डिग्रि देखि ४५ डिग्रि सम्म | ३१.७८ | ३२.२२ |
| ५ | ४५ डिग्रि माथि | ४.२५ | ४.३१ |

| | | |
|---|---|---|
| जम्मा | ९८.६४ | |

<u>स्रोतःभू-सूचना प्रणाली (GIS)</u>

**भु-उपयोगको विवरणः-**

भू-सूचना प्रणाली (GIS) को आधारमा यस नगरपालिकाको भू-उपयोगलाई वर्गिकरण गर्दा वनजंगलले ढाकेको जमिन ११.९८ प्रतिशत, कृषियोग्य जमिन ६२.३२ प्रतिशत र चट्टानको क्षेत्र ०.११ प्रतिशत रहेको छ। यस सम्बन्धी थप विवरण देहायको तालिकामा दिइएको छ।

**तालिका नं.३**

**<u>भू-उपयोगको विविधिकरण</u>**

| क्र.सं. | भू-उपयोग | क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|
| १ | वनजंगलले ढाकेको जमिन | ११.८२ | ११.९८ |
| २ | कृषियोग्य जमिन | ६१.४८ | ६२.३२ |
| ३ | चट्टान | ०.११ | ०.११ |
| ४ | पानिको भाग | ०.४ | ०.०० |
| ५ | अन्य | २५२३.०७ | २५.५८ |
| | जम्मा | ९८.६४ | |

**स्रोतः भू-सूचना प्रणाली (GIS)**

**जनसांख्यिक विवरणः-**

१२ औं राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार धुनिवेशी नगरपालिकाको जनसांख्यिक अवस्था जम्मा घरधुरी ६७७७, परिवार संख्या ७२३५ रहेको छ भने नगरपालिकामा पुरुषको संख्या १४४११ महिलाको संख्या १४७१५ गरी जम्मा जनसंख्या २९१२६ रहेको छ। हाल नगरपालिकाले जिपिएस लोकेशन सहितको अनलाईन सूचना संकलन गरी वेबमा आधारित डाईनामिक प्रोफाईल तयार पारेको छ। जसमध्ये हाल जम्मा ६,८२७ घरधुरी रहेको नगरपालिकामा पुरुषको संख्या १८,२३८ र महिलाको संख्या १७,८१२ गरी कुल जनसंख्या ३६,०५४ रहेको छ। यसको थप विवरण देहायको तालिकामा देखाइएको छ।

**तालिका नं. ४**

**<u>जनसांख्यिक विवरण</u>**

| वडा नं. | घरधुरी | पुरुष | महिला | जम्मा जनसंख्या | जम्मा क्षेत्रफल (प्रतिवर्ग कि.मी.) | जनघनत्व (प्रति वर्ग कि.मी.) |
|---|---|---|---|---|---|---|
| १ | ८६५ | २३४४ | २४०६ | ४७५० | १५.९१ | २३६.२१ |
| २ | ६२६ | १५८८ | १६३६ | ३२२४ | १३.०२ | ३०१.६२ |
| ३ | ८४२ | २०७४ | २०५१ | ४१२५ | ७.८६ | ३८८.३९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | ५३४ | १३६१ | १३६९ | २७३० | ६.३५ | ४०२.५१ |
| ५ | ६६४ | १७३५ | १६९९ | ३४३४ | १२.३९ | २५६.९७ |
| ६ | ४७६ | १३६९ | १३७७ | २७४६ | ११.५३ | २५७.९३ |
| ७ | ९३३ | २६८० | २३७७ | ५०५७ | १६.०५ | २५७.२ |
| ८ | ८०७ | २१२३ | १९४२ | ४०६५ | ६.३५ | ५३१.५३ |
| ९ | १०८० | २९६४ | २९५९ | ५९२३ | ९.१९ | ४४३.५७ |
| जम्मा | ६८२७ | १८२३८ | १७८१६ | ३६०५४ | ९८०६४ | |

**स्रोतः- डिजिटल नगर प्रोफाईल**

**धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रः-**

यस नगरपालिकामा रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रुपले महत्वपूर्ण स्थलहरूमा महेशनारायण गुफा, बच्छलादेवी, कोटाकालीका, चमेरो गुफा, गोरखनाथ बाबा र देवीदेउराली, कालिदेवी, सेतीदेवी, तोप्लाङ भ्यू टावर, नृर्वेश्वर महादेव, झ्याम्पल खोला झरना र सितापाइला रहेका छन् । भक्तजनहरूको मनोरञ्जन तथा भजन किर्तनको लागि बाघबच्छलादेवी मन्दिर, गोरखनाथ बाबाको मन्दिरमा भजन किर्तनको सामाग्रीको व्यवस्था गरिएको छ। धर्म, कला, संस्कृति संरक्षण र पर्यटन प्रर्वधनलाई प्राथमिकतामा राखी विभिन्न वडामा मन्दिर निर्माण तथा मर्मत गर्दै कृयापुत्री भवन, मरणघाट, पाटी पौवा, चौतारो निर्माण देखी गुम्वा निर्माण, पिकनिक स्पोर्ट तथा पार्क निर्माणको साथै तोप्लाङ भ्यूटावरको निर्माणको कार्य अगाडी बढेको छ। नगर क्षेत्र भित्र रहेका ऐतिहासिक पौराणिक, धार्मिक, सौँस्कृतिक स्थान तथा पर्यटकीय दृष्टिले महत्वपुर्ण स्थलहरुको पहिचान गरी संरक्षण सम्वर्धन र पुर्ननिर्माण एवं प्रचार प्रसार गर्ने कार्यहरु अगाडी बढेका छन्।

**नगरको निर्वाचन र जनप्रतिनिधिहरू :**

यस नगरपालिका गठन भएपश्चात पहिलो पटक निर्वाचन २०७४ बैशाख ३१ गते भएको थियो। उक्त निर्वाचनमा विजयी भएका जनप्रतिनिधिहरूले मिति २०७४ जेष्ठ ८ गते पदभार ग्रहण गर्नुभएको थियो। नगर कार्यपालिकाको पहिलो बैठक मिति २०७४ जेष्ठ २० गते भएको थियो भने पहिलो नगर सभा २०७४ श्रावण १० मा भई पहिलो बजेट नगरसभावाट मिति २०७४ श्रावण १० पारित भएको थियो भने दोस्रो नगर सभा २०७४ फाल्गुण ३० मा सम्पन्न भएको थियो। तेस्रो नगर सभा २०७५ असार १० गते सुरु भई २८ गते सम्पन्न भएको थियो। चौथो नगरसभा २०७६ बैशाख १६ गते सम्पन्न भएको थियो भने पाँचौ नगरसभा २०७६ आषाढ १९ गते सम्पन्न भयो । छैटौं नगरसभा २०७६ माघ २६ गते सम्पन्न भयो। सातौं नगरसभा २०७७ आषाढ १० गते सम्पन्न भयो। आठौं नगरसभा २०७७।१०।२९ गते सम्पन्न भई नवौं नगरसभा मिति २०७८।०३।१० मा सुरु भई मिति २०७८।०३।१३ गते सम्पन्न भयो, भने दशौं नगर सभा २०७८।११।२२ गते सम्पन्न भयो। संघीय शासन प्रणाली लागू भए पश्चात स्थानीय तह सदस्य पदको लगि दोस्रो पटक मिति २०७९ साल वैशाख ३० गते सम्पन्न भएको स्थानीय तह सदस्य पदमा निर्वाचित भई पदभार ग्रहण गरे पश्चात नगरपालिकाको ११ औं नगर अधिवेशन मिति २०७९।०३।१० मा सुरु भई मिति २०७९।०३।१३ गते सम्पन्न भयो। वर्तमान निर्वाचित जनप्रतिनिधिहरुको विवरण बुँदा नं. १८ मा उल्लेख गरिएको छ ।

**संस्थागत व्यवस्थाः-**

एकिकृत नगर विकास योजना तर्जुमा प्रक्रिया प्रारम्भ गर्दै सडक गुरु योजना, डिजिटल नगर प्रोफाईल, वार्षिक योजना कार्यक्रमहरू अनलाइन सफ्टवेयर मार्फत चालु गरिएको छ साथै राजश्व संकलनको व्यवस्था अनलाईन सफ्टवेयर मार्फत हुने व्यवस्था मिलाइएको छ। नगरपालिकाको प्रशासनिक भवन निर्माणका लागी नगर केन्द्र तोकिएको स्थानमा ८ रोपनी जग्गा नगरपालिकाको नाममा कायम भइसकेको र उक्त जग्गामा प्रशासनिक भवन निर्माणको लागि ठेक्का प्रक्रियाद्धारा निर्माण कार्य सम्पन्न भई २०८१ बैशाख महिनाबाट आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह सुचारु भएको छ। त्यस्तैगरी वडा नं. ३, ६, ८ र ९ को वडा कार्यालय भवन निर्माण कार्य सम्पन्न भई उक्त भवनबाट नै सेवा प्रवाह भईसकेको छ। वडा नं. २ को हकमा साविक विद्यालय भवनलाई मर्मत, सम्भार, घेराबार, रंगरोगन, शौचालय व्यवस्थापन सहित व्यवस्थित रुपमा सेवा प्रवाह हुनेगरी कार्यालय स्थापना र संचालनको व्यवस्था गरिएको छ। वडा नं. १, ४ र ७ को आफ्नै भवनबाट कार्यसंचालन भइरहेको छ। वडा नं. ५ को हकमा अमलेचौर स्थित सामुदायिक विद्यालयको भवनबाट सेवा प्रवाह हुँदै आएको छ। यसका अलावा कृयापुत्री भवन, सामुदायिक भवन, महिला सामुदायिक भवनहरूको निर्माण र धुनिवेशी नगरपालिका वडा नं. २ स्थित रातमाटेमा वृद्धा विश्रामस्थाल भवन निर्माणको कार्य सम्पन्न भईसकेको छ। साथै, स्वास्थ्य चौकी नभएका वडाहरूमा आधारभुत स्वास्थ्यकेन्द्र स्थापना भएका छन्। वडा आधारभुत स्वास्थ्य केन्द्र भवनहरू निर्माण सम्पन्न भइसकेको अवस्था छ । सबै नागरिकलाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्याइएको छ। नौविसे, जिवनपुर र छत्रेदेउराली स्वास्थ्यचौकीमा १-१ वटा एम्बुलेन्सको व्यवस्था गरि सहज रुपमा एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ। ३ वटै स्वास्थ्य चौकीमा ल्याव (प्रयोगशाला) स्थापना गरि सञ्चालनमा ल्याइएको छ। नगरपालिकाले १ वटा बारुण यन्त्र (दमकल) खरिद गरि दमकल सेवा उपलब्ध गराएको छ। साथै ३ वटा स्वास्थ्य चौकीहरूमा वर्थिङसेन्टर स्थापना गरी सुरक्षित नव शिशु तथा मातृत्व सेवा प्रदान गरिएको छ। सवै वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुमा ईन्टरनेट जडान गरी अनलाईन सेवाको सुरुवात भईसकेको छ। नौविसे स्वास्थ्य चौकीमा मेडिकल अफिसरको व्यवस्थापन गरी चिकित्सकीय सेवा प्रदान गर्दै आएकोमा विशेषज्ञ चिकित्सकीय सेवासमेत सुरुवात गरिएको छ। नौविसे स्वास्थ्य चौकीमा स्थापना भएको प्रयोगशालालाई स्तरोन्नती गरी एनलाईजर मेसिन जडान गरिएको छ भने एक्सरे मेसिन जडान गर्ने कार्य सम्पन्न भइसकेको अवस्था छ। नौविसे स्वास्थ्यचौकीलाई स्तरोन्नती गरी १५ वेड क्षमताको प्राथमिक अस्पतालको रुपमा विकास गर्न अस्पताल भवन निर्माण कार्य सम्पन्न भई अस्पताल सन्चालन गरिने चरणमा छ।

धुनिवेशी नगरपालिका वडा नं.९, जुगेडीमा रहेको यही २०८१ बैशाखबाट सेवा प्रवाह शुरु गरिएको प्रशासकीय भवन स्थलसँगै आन्तरिक बसपार्क निर्माण गरी नगरबस संचालन गर्ने प्रयास गरिएको छ। सुविधा सम्पन्न धुनिवेशी खेलमैदान निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ भने नगरस्तरीय धुनिवेशी पार्कको निर्माण कार्य सम्पन्न भई महिला एवं बालबालिकाका लागि सुरक्षित आवास गृह (सेफ हाउस) समेत निर्माण गरी संचालनमा ल्याइएको छ।

आवश्यक स्थानीय कानूनहरुको निर्माण गर्ने क्रममा ऐन-२६ वटा, नियमावली-६ वटा, कार्यविधि ६९ वटा, दिग्दर्शन-१ वटा, नीति-१ वटा, प्रतिकार्य योजना-१, निर्देशिका-४ वटा, मापदण्ड-२ वटा र रणनीति १ गरी जम्मा

१११ वटा कानूनहरुको निर्माण गरी विधिको शासन र सिद्धान्तलाई अनुसरण गर्रिंदै आएको छ। संस्थागत संरचना निर्माणलाई प्राथमिकतामा राखी पुर्णता दिने कार्य निरन्तर रुपमा अगाडी बढाईएको छ।

**विद्यमान अवस्थाको समीक्षाः-**

धुनिवेशी नगरपालिका २०७३ साल फाल्गुन २७ गते घोषणा भएको नेपालको सबैभन्दा कान्छो नगरपालिका हो। नगरपालिका घोषणा हुँदा विकास निर्माणका संरचनाहरु केही पनि तयार नभएको अवस्थामा नगरपालिका स्थापना भएको हुँदा स्थानीय सरकार गठन भई कार्यभार सम्हाले पश्चात उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी विकासका पूर्वाधार निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकताका साथ अगाडी बढाउँदै आएको अवस्था छ। नगरवासीको चाहाना आकांक्षा, नगरको आवश्यकता, उपलब्ध स्रोत एवं साधनको उच्चतम रुपमा परिचालन एवं समानुपातिक रुपमा वितरण गरी नगरवासीले महशुस गर्न सक्ने गरी विकास निर्माणका कार्यलाई गति प्रदान गर्नका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि सडक निर्माण जस्ता क्षेत्रमा आमुल परिवर्तन गरी सर्वसुलभ, सहज एवं सबैको पहुँच हुने गरी भौतिक पूर्वाधार विकास र विस्तार गर्नुपर्ने चुनौतीहरु हाम्रा सामु देखा परेका थिए।

अधिकार र स्वतन्त्रता प्राप्तिका लागि भएका बलिदानीपूर्ण संघर्षको परिणामस्वरुप देशमा गणतन्त्र स्थापना भई जनचाहना अनुरुप संघीय शासन प्रणालीको शुरुवात भएको यस अवस्थामा तिन तहका सरकारहरू जनआकांक्षा अनुरुप विकास निर्माणको कार्यमा जुटी अहोरात्र जनताको आवश्यकता परिपूर्तिका लागि क्रियाशिल भई रहेको अवस्था छ । कोभिड-१९ को संक्रमणलाई न्यूनीकरण गरी देश, नगर र समाजलाई जोखिम मुक्त बनाउने र आर्थिक विकासमा ध्यान केन्द्रित गरी आर्थिक क्रियाकलाप बढाउँदै अर्थ व्यवस्थालाई चलायमान बनाई राख्नु आजको आवश्यकता हो। यसका लागि जननिर्वाचित तिनै तहका सरकारहरूले आ-आफ्नो तर्फबाट भूमिका निर्वाह गर्नु पर्ने हुन्छ। संघिय शासन प्रणाली अन्रतगत स्थानीय तहमा दोस्रो पटक स्थानीय सरकारको गठन भए पछि  हाल सम्म भएका उपलब्धिको जगमा टेकेर जनचाहना पूरा गर्दै विकास निर्माणको कार्यलाई अगाडी बढाउने कार्यमा यस नगरका जनप्रतिनिधिहरू लागि परेको अवस्था छ। आफुले चुनेका जनप्रतिनिधि र नगर प्रति नगरवासीहरूको आशा, भरोसा र अपेक्षा ठूलो छ। नगरपालिकाको आन्तरिक आम्दानीको स्रोतमा वृद्धि हुन सकेको छैन। आन्तरिक आय स्रोत बढाई जनआकांक्षा पुरा गर्नु पर्ने चुनौती छ। पछिल्लो नगरपालिका भएकोले नगरमा हुनु पर्ने न्यूनतम पूर्वाधार निर्माण भई सकेको अवस्था छैन, सम्पुर्ण रुपमा नयाँ संरचना निर्माण गर्नुपर्ने अवस्था छ। नगरपालिकाको आफ्नै भवनबाट सेवा प्रवाह गर्नका लागि प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न हुने चरणमा पुगेको अवस्थामा छ। नगरपालिका स्थापना हुँदाको वखत् २-४ जना कर्मचारीबाट सेवा संचालन र प्रवाह हुँदै आएकोमा हाल सबै वडा कार्यालय र नगर कार्यपालिकाको कार्यालयमा कर्मचारी व्यवस्थापन भई १५७ जना कर्मचारीबाट सबै विषयगत शाखाहरू र वडा कार्यालयहरूबाट दिनुपर्ने सेवाहरू छिटो, छरितो, चुस्त, दुरुस्त, प्रभावकारी र पारदर्शी हुने गरी कार्यसम्पादन हुने व्यवस्था मिलाइएको छ। उपलब्ध जनशक्तिलाई समुचित रुपमा परिचालन र व्यवस्थापन गरी सिमित स्रोत साधनको बावजुद विकास निर्माण कार्य, नगरको आवश्यकता, नगरवासीको आकांक्षा र चाहना पुरा गर्नु पर्ने चुनौती छ।

**सबल पक्षः-**

संघीय राजधानी काठमाडौँसँग जोडिएको यस धुनिवेशी नगरपालिकालाई धेरै सम्भावना भएको नगरको रुपमा लिईएको छ। निम्न विषयहरूलाई धुनिवेशीका सबल पक्षको रुपमा हेरिएको छ।

- पौराणिक धार्मिक, संस्कृतिक तथा पर्यटकिय दृष्टिले महत्वपूर्ण गन्तव्यस्थलहरू यसै नगर क्षेत्रमा अवस्थित हुनु।
- धार्के सितापाइला बैकल्पिक राजमार्ग यसै नगरपालिकाको क्षेत्र भएर संचालनमा रहेको जसले गर्दा नौविसे देखी कलंकीसम्मको ट्राफिक जामलाई न्यून गर्ने र सो राजमार्ग वरपरका नगरवासीहरूको जिवनस्तर उँचो बनाउने आशा राखिएको छ। उक्त क्षेत्रमा सहरीकरण तथा बजारीकरणको विकास हुने हुँदा सो क्षेत्रका वासीन्दाहरूको आर्थिकस्तरमा आमूल परिवर्तन हुनेछ।
- काठमाडौंको नजिक हुनु, मुख्य राजमार्गहरू यही नगर हुदै संचालनमा रहनु,
- औद्योगिक र कृषि उत्पादनको बजारसम्मको सहज पहुँच हुन सक्ने स्थानमा अवस्थित हुनु
- तरकारी खेती, कुखुरापालन, ह्याचरी, फलफूल विशेषगरी लिचि, तोप्लाङको आलुको उत्पादन र विकासको उच्च सम्भावना
- औद्योगिक क्षेत्रको विकास गर्न सकिने क्षेत्रहरू रहेका।
- भिमढुंगा- लामीडाँडा सडक काठमाण्डौं केन्द्रदेखी यसै नगरपालिका क्षेत्र भएर गल्छिसम्म आवागमन गर्न सजिलो भएको छ। जसले गर्दा त्यस क्षेत्रका नगरवासीहरूको आर्थिक उन्नती हुने अपेक्षा गरिएको छ।
- नौविसेदेखी कलंकीसम्मको ट्राफिक जामलाई न्यूनीकरण गर्न नौविसे नागढुंगा सुरुङमार्गले सहजता पुग्ने देखिन्छ।
- उत्प्रेरित, उद्यमशील, जागरुक, सचेत एवं विकासप्रति प्रतिवद्ध धुनिवेशी नगरवासी रहेका छन् ।
- संघीय राजधानी काठमाण्डौंमा बसोबास गर्ने वासिन्दाहरूको लागि वैकल्पिक बसोबास स्थानको रुपमा विकसित गर्न सकिने नजिकको सम्भावित नगरपालिका।
- फोहोरमैलाको व्यवस्थापनको कार्यलाई व्यवस्थित गर्ने कार्यको थालनी।

**कमजोर पक्षः-**

- आन्तरिक आय वृद्धिका क्षेत्रहरू न्यून हुनु।
- काठमाण्डौंको नजिकै भएको भएता पनि यस क्षेत्रमा मेडिकल कलेज, विश्वविद्यालय, भौतिक सुविधा सम्पन्न अस्पतालहरूको निर्माण हुन नसक्दा नगरवासीहरूलाई सेवा लिन, उच्चस्तरको शिक्षा आर्जन गर्न, अन्य अवसरहरू प्राप्त गर्न केन्द्रमा नै धाउनुपर्ने अवस्था आएको छ।
- व्यवस्थित ढङ्गबाट औद्योगिकीकरण हुन नसक्नु।
- नगरपालिका क्षेत्रभित्र संचालित सबै उद्योग व्यवसायहरूलाई अभिलेखीकरण गरी करको दायरामा ल्याउने, दर्ता, नविकरण र अनुगमन गर्ने जस्ता कार्यहरू प्रभावकारी ढंगबाट हुन नसक्नु।

अवसरः-

- निर्माणाधिन सुरुङमार्ग र अन्य वैकल्पिक मार्गहरू बन्दै जानु।
- प्राविधिक शिक्षालय सञ्चालन हुनु जसको कारण दक्ष जनशक्ति उत्पादनको सम्भावना देखिनु।
- आन्तरिक तथा बाह्रय पर्यटन अभिवृद्धिको लागि होटल व्यवसाय गर्न र अन्य पर्यटक क्षेत्रको विकासको लागि चन्दागिरी, नागार्जुन र थाहा नगरका सिमा र आसपासका क्षेत्रमा पर्यटन क्षेत्रको विकासमा साझेदारी गर्न सकिने।
- केन्द्र सरकारसँग जोडिएको यो नगरपालिकाको भविष्य आगामी दिनमा चन्द्रागिरी नगरपालिकासँग हातेमालो गरी काठमाण्डौं महानगरपालिकाको समकक्षी नगरपालिका हुने र तिव्र सहरीकरण, बजारीकरणको र औद्योगिकीरणको विकासको प्रवल सम्भावना रहेको छ।

चुनौतिः-

- पौराणिक, धार्मिक र सांस्कृति तथा पर्यटकिय दृष्टिले महत्वपूर्ण स्थान, पार्क, मठ, मन्दिर र पर्यटकिय गन्तव्य स्थलहरूको उचित व्यवस्थापन, व्यापक प्रचारप्रसार हुन नसक्नु, छुट्टै, सहज, सरल र व्यवस्थित पहुँच मार्ग निर्माण गर्ने।
- नमिलेको भिरालो जमिन भएको कारण भु-क्षय, वाढी, पहिरोजन्य प्राकृतिक प्रकोप एवं विपद् आउन सक्ने जोखिम रहेको र दिगो विकासका लागि हरेक वर्ष लगानी थप जुटाउँदै जानु पर्ने ।
- भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयन गरी जग्गाको अव्यवस्थित प्रयोग रोक्ने र खेतियोग्य जमिनलाई खेती गर्ने कार्यमा कायम राख्ने।
- सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर बढाउने, शिक्षकको क्षमता विकास, विद्यार्थीको कक्षा छोड्ने दर घटाउने र विद्यालयको शैक्षिक सूचकको आधारमा अनुगमन गर्ने ।
- काठमाण्डौं उपत्यकाको फोहोरमैला डम्पिङ साईट रहेको ओखरपौवाको लिचेड कोल्पुखोलामा मिसिदा धुनिवेशीका कृषकहरूको खेतियोग्य जमिन, वालीनाली र स्वास्थ्यमा पर्ने खराबअसर हटाउने ।
- आन्तरिक आय न्यून रुपमा परिचालन भएको र विकासको माग सम्वोधन गर्न आय स्रोत र साधन अभिवृद्धि गर्ने ।
- यस नगरपालिका क्षेत्रभित्र स्थापना भएका इँटा भट्टा, सिमेन्ट उद्योग, ग्याँस उद्योगहरूले वातावरणमा असर पार्ने धुँवाधुलो प्रदुषण र वालीनाली उत्पादनमा प्रत्यक्ष असर गरी जनजीवन नै कष्टकर बनाउँदै लगेको हुँदा धुवाधुलोको प्रदुषण निराकरणको लागी यस नगरपालिकाले वैकल्पिक बाटो अवलम्बन गर्नुपर्ने ।
- जनशक्ति र जनप्रतिनिधिहरूको क्षमता विकासमा अवसरहरूको वृद्धि गर्ने ।
- युवाको विदेश पलायन रोकी काम गर्ने जनशक्ति विकास गर्ने।
- राजमार्ग क्षेत्रका होटलको सेवा प्रवाह उपभोक्तामैत्री बनाउने, गुणस्तर, मुल्य र परिमाणलाई यथार्थपरक बनाउने र आम जनसाधारणलाई होटलको सेवाप्रति सकरात्मक बनाउने ।

- दक्ष जनशक्ति, प्राविधिकहरूको उचित र यथार्थ परामर्शका सहायताले पुनर्निमाणको कार्य शत प्रतिशत सम्पन्न गर्ने।

## २. निकायको काम, कर्तव्य र अधिकार

यस धुनिवेशी नगरपालिका, नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र बागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ। यिनै कानुनबमोजिम यस धुनिवेशी नगरपालिकाले कार्यसम्पादन गर्दै आएको छ।

## ३. निकायमा रहने कर्मचारीको विवरण

धुनिवेशी नगरपालिका भित्र कार्यरत कर्मचारीहरुको विवरण

**नगरपालिका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरु**

| क्र.सं. | नाम थर | पद | **स्थायी/करार** | कार्यरत स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | निरज पौडेल | प्रमुख प्रशासकिय अधिकृत | स्थायी निजामती | नगर कार्यपालिका का. | ९८५१२३७९६७ |
| २ | कर्ण बहादुर भुवाजी | अधिकृत दशौँ तह शिक्षा निर्देशक | स्थायी | नगर कार्यपालिका का. | ९८६०१४३६६४ |
| ३ | विकास खत्री | अधिकृत आठौँ तह, बरिष्ठ विद्यालय निरिक्षक | स्थायी | नगर कार्यपालिका का. | ९८४१२८३९३९ |
| ४ | गोविन्द प्रसाद पौडेल | अधिकृत (आठौँ) वरिष्ठ लेखा अधिकृत | स्थायी | नगर कार्यपालिका का. | ९८५१२४१५७५ |
| ५ | झविलाल भुषाल | बरिष्ठ शाखा अधिकृत | स्थायी | नगर कार्यपालिका का. | ९८४१६३५०८८ |
| ६ | सुरज भण्डारी | अधिकृत आठौ | स्थायी | नगर कार्यपालिका का. | |
| ७ | ध्रुव कुमार अधिकारी | जन स्वा.अधिकृत सातौँ | स्थायी | नगर कार्यपालिका का. | ९८४१८००५६९ |
| ८ | अनन्त ढकाल | कृषि अर्थ विज्ञ | स्थायी | नगर कार्यपालिका का. | ९८४८२६११४४ |
| ९ | माधव प्रसाद लुइँटेल | अधिकृत छैठौँ | स्थायी | नगर कार्यपालिका का. | ९८४१३९२४७४ |
| १० | हेमन्त प्रसाद सुवेदी | सि.अ.हे.व अधिकृत | स्थायी | नगर कार्यपालिका का. | ९८४१३३२६४३ |
| ११ | श्याम सुन्दर पाण्डे | अधिकृत छैठौँ | स्थायी | नगर कार्यपालिका का. | ९८४१३६०६९२ |

| | | | | | |
|---|---|---|---|---|---|
| १२ | सन्तोष खड्का | अधिकृत छैठौं (सहायक कृषि अर्थ विज्ञ) | स्थायी | नगर कार्यपालिका का. | ९८५११४९९६३ |
| १३ | सुस्मा आचार्य | सहायक पाँचौं | स्थायी | नगर कार्यपालिका का. | ९८६००१०३७० |
| १४ | केशव बहादुर महरा | प्राविधिक सहायक पाँचौं ( शिक्षा) | स्थायी | नगर कार्यपालिका का. | ९८४९७८५२६९ |
| १५ | भैरव बहादुर बोहोरा | प्राविधिक सहायक पाँचौं ( कृषि) | स्थायी | नगर कार्यपालिका का. | ९८४८३९१३९२ |
| १६ | एस्ना भुजेल | पब्लिक हेल्थ नर्स | स्थायी | नगर कार्यपालिका का. | ९८६०९९११०५ |
| १७ | सुमना वोहोरा | सहायक पाँचौं (आलेप) | स्थायी | नगर कार्यपालिका का. | ९८४५८६८०३९ |
| १८ | गणेश कुमार सन्ज्याल | सब-ईन्जिनियर वि एण्ड आर्क | स्थायी | नगर कार्यपालिका का. | ९८५८४८३८२२ |
| १९ | सयल कृष्ण श्रेष्ठ | सब-ईन्जिनियर वि एण्ड आर्क | स्थायी | नगर कार्यपालिका का. | ९८५१२७७१९९ |
| २० | विद्या अर्याल | म.वि.नि. (सहायक पाँचौं) | स्थायी | ६ नं. वडा का.सचिव | ९८४०७६२७७० |
| २१ | दिनेश बहादुर सिजापती | सहायक कम्प्युटर अपरेटर | स्थायी | नगर कार्यपालिका का. | ९८६८११६५४१ |
| २२ | सरोज पोखरेल | सह लेखापाल | स्थायी | नगर कार्यपालिका का. | ९८५१२३७५५६ |
| २३ | श्रीराम घिमिरे | ना.प.से.प्रा. चौथो | स्थायी | नगर कार्यपालिका का. | ९८६६०२६६७३ |
| २४ | शान्तिला फोम्वो | नायव प्रा.स. चौथो कृषि | स्थायी | नगर कार्यपालिका का. | ९८४३२६९००२ |
| २५ | हरिहर रेग्मी | हलुका सवारी चालक | स्थायी | नगर कार्यपालिका का. | ९८५१०३३७९० |
| **नगरपालिका कार्यालयमा करार सेवामा कार्यरत कर्मचारीहरु** | | | | | |
| १ | सरस्वती रेग्मी | कानूनी सहजकर्ता (पाँचौं) | करार | नगर कार्यपालिका का. | ९८६०४२०१७६ |
| २ | राधाकृष्ण पाठक | सहायक कम्प्युटर अपरेटर | करार | नगर कार्यपालिका का. | ९८४९३२८६०९ |
| ३ | पुर्ण धिताल | सहायक चौथो (अमिन) | करार | नगर कार्यपालिका का. | ९८४९४३१३३१ |
| ४ | प्रदिप आचार्य | सहायक चौथो (खापासटे) | करार | नगर कार्यपालिका का. | ९८१३१३४९८८ |
| ५ | किरण गिरी | नगर प्रहरी सहायक निरीक्षक | करार | नगर कार्यपालिका का. | ९८६६८६२४७५ |
| ६ | कान्छा सुयल | दमकल चालक | करार | नगर कार्यपालिका का. | ९८५११८०११० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | रमेश श्रेष्ठ | स्तरविहिन (ह.स.चा.) | करार | नगर कार्यपालिका का. | ९८४१२५२०२६ |
| ८ | राजन भण्डारी | स्तरविहिन (ह.स.चा.) | करार | नगर कार्यपालिका का. | ९८४३६०७५२१ |
| ९ | तुलसी राम गिरी | का.स. | करार | नगर कार्यपालिका का. | ९८४३५३९८०० |
| १० | सन्तोष गिरी | व्याकहो लोडर चालक | करार | नगर कार्यपालिका का. | ९८६३७६४६७१ |
| ११ | सन्तोष रोकाय | व्याकहो लोडर चालक | करार | नगर कार्यपालिका का. | ९८४३९५५०४९ |
| १२ | दिनेश कुँवर | फायरम्यान | करार | नगर कार्यपालिका का. | ९८६११५५८६५ |
| १३ | चिरन्जिवि पुडासैनी | फायरम्यान | करार | नगर कार्यपालिका का. | ९८४९८२८५२३ |
| १४ | सुमन भण्डारी | नगर प्रहरी | करार | नगर कार्यपालिका का. | ९८४५८७३८९३ |
| १५ | रघुनाथ भण्डारी | नगर प्रहरी | करार | नगर कार्यपालिका का. | ९८१८७०८८९३ |
| १६ | सन्तोष अर्याल | नगर प्रहरी | करार | नगर कार्यपालिका का. | ९८४९०९५४३० |
| १७ | सुदन सेढाई | नगर प्रहरी | करार | नगर कार्यपालिका का. | ९८४३०७५५०४ |
| १८ | भवानी खत्री | नगर प्रहरी | करार | नगर कार्यपालिका का. | ९८१००१५४७८ |
| १९ | कुन्छाङ वाइवा | नगर प्रहरी | करार | नगर कार्यपालिका का. | ९८६३७२०६८० |
| २० | मिथुन तामाङ | कराँते प्रशिक्षक | करार | नगर कार्यपालिका का. | ९८६९५९८१८५ |
| २१ | हरि बहादुर तामाङ | फुटबल प्रशिक्षक | करार | नगर कार्यपालिका का. | ९८४१६५७५०१ |
| २२ | संगिता मिजार | नगर प्रहरी | करार | नगर कार्यपालिका का. | ९८६४१७७१२४ |
| २३ | सतिदेवि रिजाल | स्तरविहिन (का.स.) | करार | नगर कार्यपालिका का. | ९८१३२४०५४३ |
| २४ | पारसमणी भट्ट | स्तरविहिन (का.स.) | करार | नगर कार्यपालिका का. | ९८६०४८५५४४ |
| २५ | प्रमिला कुँवर | स्तरविहिन (का.स.) | करार | नगर कार्यपालिका का. | ९८०३१२३४२१ |
| २६ | कमला कार्की | स्तरविहिन (का.स.) | करार | नगर कार्यपालिका का. | ९८१३४५९७५२ |

**नगरपालिका कार्यालयमा करार सेवामा कार्यरत परियोजना तर्फका कर्मचारीहरु**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | सौरभ कार्की | सूचना प्रविधि अधिकृत | करार | नगर कार्यपालिका का. | ९८४३२७३९९८ |
| २ | प्रमिला पाठक | रोजगार संयोजक (अधिकृत छैटौं) | करार | नगर कार्यपालिका का. | ९८४९६३९४१४ |
| ३ | रमेश श्रेष्ठ | एम.आइ.एस.अपरेटर | करार | नगर कार्यपालिका का. | ९८४९२५५६९३ |
| ४ | अजित कुमार यादव | एम.आइ.एस.अपरेटर | करार | नगर कार्यपालिका का. | ९८४१७५२४६६ |
| ५ | सूर्य भण्डारी | (सब-इन्जिनियर) (प्रधानमन्त्री रोजगार कार्यक्रम) | करार | नगर कार्यपालिका का. | ९८४८२०३७९६ |
| ६ | गंगा प्रतिमा थापा | मनोसामाजिक परामर्शकर्ता | करार | नगर कार्यपालिका का. | ९८४९३७८९०३ |
| ७ | मिरा घिमिरे | वित्तिय साक्षरता सहजकर्ता | करार | नगर कार्यपालिका का. | ९८२३१८०८५२ |
| ८ | गिता श्रेष्ठ | उद्यम विकास सहजकर्ता | करार | नगर कार्यपालिका का. | ९८४९९५२१५० |
| ९ | लव पौडेल | उद्यम विकास सहजकर्ता | करार | नगर कार्यपालिका का. | ९८४१७५६२६९ |
| १० | सुष्मा पाठक | रोजगार सहायक | करार | नगर कार्यपालिका का. | ९८४५३६४०३६ |
| ११ | महेश्वर सुवेदी | फिल्ड सहायक | करार | नगर कार्यपालिका का. | ९८४१७१३९३८ |
| १२ | राम बहादुर तामाङ | रिर्टनी स्वयंसेवक | करार | नगर कार्यपालिका का. | ९८६४६७०९७० |
| १३ | सिता अर्याल | रिर्टनी स्वयंसेवक | करार | नगर कार्यपालिका का. | ९८४००९८२१७ |
| १४ | प्रकाश तामाङ | रिर्टनी स्वयंसेवक | करार | नगर कार्यपालिका का. | |

## धुनिवेशी नगरपालिकाभित्र कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम थर | पद | **स्थायी/करार** | कार्यरत स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| **स्वास्थ्य सेवा तर्फ कार्यरत स्थायी कर्मचारीहरु** | | | | | |
| १ | गिता भट्ट | सि.अ.हे.व. अधिकृत छैठौं | स्थायी | नौविसे स्वास्थ्य चौकी | ९८४१७५०१५७ |
| २ | कृष्ण ढुंगाना | अधिकृत छैठौं | स्थायी | नौविसे स्वास्थ्य चौकी | ९८४४०९६१०८ |
| ३ | जमुना गिरी | अनमी पाँचौं | स्थायी | नौविसे स्वास्थ्य चौकी | ९८४३६३४५३३ |
| ४ | अप्सरा मिश्र पौडेल | सि.अ.हे.व. (सहायक पाँचौं) | स्थायी | नौविसे स्वास्थ्य चौकी | ९८४३४९३६४९ |
| ५ | अनिता खत्री | अनमी पाँचौं | स्थायी | नौविसे स्वास्थ्य चौकी | ९८६०७०७७४२ |
| ६ | शारदा सुवेदी | अ.न.मी. पाँचौ | स्थायी | जीवनपुर स्वा. चौकी | ९८४१९८२७९२ |
| ७ | शिव कुमार थापा | सि.अ.हे.व. अधिकृत छैठौं | स्थायी | जीवनपुर स्वा. चौकी | ९८४१६३८५३४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मदन धामी | सहायक पाँचौं (स्वास्थ्य हे.ई.) | स्थायी | जीवनपुर स्वा. चौकी | ९८४४२७२३८६ |
| ९ | कृष्ण राना | स्वास्थ्य हे.ई. चौथो | स्थायी | छत्रे स्वा. चौकी ( दरवन्दी जीवनपुर) | ९८६९६३७७६७ |
| १० | यशोदा आचार्य गौतम | सहायक चौथो अनमी | स्थायी | जीवनपुर स्वा. चौकी | ९८४९१९०३३२ |
| ११ | बसन्ती रानाभाट | जनस्वास्थ्य निरिक्षक अधिकृत छैठौं | स्थायी | छत्रे स्वा. चौकी | ९८४६२६३८९६ |
| १२ | सरोज खड्का | जनस्वास्थ्य निरिक्षक | स्थायी | छत्रे स्वा. चौकी प्रमुख | ९८५१०७२६२१ |
| १३ | शुष्मा दाहाल | सिअनमी पाँचौं | स्थायी | छत्रे स्वास्थ्य चौकी | ९८४२१०३१०३ |
| १४ | लक्ष्मी अधिकारी | सहायक स्तर पाँचौं तह | स्थायी | छत्रेदेउराली स्वा.चौकी | ९८६०६८३५११ |
| १५ | सिम्रिका पुडासैनी | अनमी चौथो (कामकाज) | स्थायी | छत्रे स्वास्थ्य चौकी | ९८६००५१२०९ |
| १६ | सम्झना गुभाजु | अनमी पाँचौं | स्थायी | छत्रे स्वास्थ्य चौकी | |
| १७ | उमनाथ तिवारी | सि.अ.हे.व. पाँचौं (काज) | स्थायी | ८ नं. वडा आ.स्वा.के. | ९८४१५४१७५१ |
| **स्वास्थ्य सेवा तर्फ करार सेवामा कार्यरत कर्मचारीहरु** | | | | | |
| १ | राधिका भण्डारी | अ.न.मी. | करार | नौविसे स्वास्थ्य चौकी | ९८४१४२००१३ |
| २ | सरस्वती खतिवडा | ल्याव असिस्टेन्ट | करार | नौविसे स्वास्थ्य चौकी | ९८४१०६३३३९ |
| ३ | सुहाना रिजाल सुवेदी | अ.न.मी. | करार | नौविसे स्वास्थ्य चौकी | ९८४९३३११०६ |
| ४ | पुनम देवी | स्तरविहिन (का.स.) | करार | नौविसे स्वास्थ्य चौकी | ९८६३८०४११५ |
| ५ | तिर्थराम बानियाँ | एम्वुलेन्स चालक | करार | नौविसे स्वास्थ्य चौकी | ९८६०९१४४६३, ९८४७६९९१३४ |
| ६ | रमेश रानामगर | ल्याव असिस्टेन्ट | स्वयंसेवक करार | नौविसे स्वास्थ्य चौकी | |
| ७ | अर्चना पाठक | रेडियोग्राफर | करार | नौविसे स्वास्थ्य चौकी | ९८०८६८३०१५ |
| ८ | पवित्रा पाण्डे | अ.न.मी. | करार | जीवनपुर स्वा. चौकी | ९८४१८१३४४३ |
| ९ | कल्पना अधिकारी रुपाखेती | ल्याव असिस्टेन्ट | करार | जीवनपुर स्वा.चौकी | ९८६९३३९९९० |
| १० | सविता रेग्मी | स्तरविहिन (का.स.) | करार | जिवनपुर स्वास्थ्य चौकी | ९८४१४६३८२५ |
| ११ | रविन मिजार | एम्बुलेन्स चालक | करार | जिवनपुर स्वा.चौकी | ९८४०००७७०८ |
| १२ | सृजना लुईटेल | ल्याव असिस्टेन्ट | करार | छत्रे स्वास्थ्य चौकी | ९८६०३३४९७९ |
| १३ | सुरेश तामाङ | एम्वुलेन्स चालक | करार | छत्रेदेउराली स्वा.चौकी | ९८१०३१६९४३, ९८४७६९९१३२ |
| १४ | सविना गजुरेल | स्तरविहिन (का.स.) | करार | छत्रेदेउराली स्वा.चौकी | ९८२८०२१८८० |
| १५ | मधुमाया रानाभाट ( सिलवाल) | अ.न.मी. | करार | ६ नं. वडा आ.स्वा.के. | ९८४३०२२६५७ |
| १६ | सरिता अर्याल | अ.हे.व. | करार | ९ नं. वडा आ.स्वा.के. | ९८४१२२१३९७ |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | सविना थापा | अ.न.मी. | करार | ९ नं. वडा आ.स्वा.के. | ९८४१७१६९६९ |
| १८ | सविता के.सी | स्तरविहिन (का.स.) | करार | ९ नं. वडा आ.स्वा.के. | ९८४६५७५४९८ |
| १९ | कल्पना गिरी | अ.न.मी. | करार | ८ नं. वडा आ.स्वा.के. | ९८४३४९१७८८ |
| २० | कुशुम पाठक | अ.हे.व. | करार | ८ नं. वडा आ.स्वा.के. | ९८४३७६६३२६ |
| २१ | सुभद्रा तिवारी बस्नेत | स्तरविहिन (का.स.) | करार | ८ नं. वडा आ.स्वा.के. | ९८४३०१२९२० |
| २२ | सिता लामा | अ.हे.व. | करार | ६ नं. वडा आ.स्वा.के. | ९८४५४७६७६६ |
| २३ | सावित्री चापागाई | स्तरविहिन (का.स.) | करार | ६ नं. वडा आ.स्वा.के. | ९८२३४४००७० |
| २४ | नरेश रुपाखेती | अ.हे.व. | करार | ५ नं. वडा आ.स्वा.के. | ९८६०८३७७३५ |
| २५ | सजिना सुवेदी | अ.न.मी. | करार | ५ नं. वडा आ.स्वा.के. | ९८६०६७३९१८ |
| २६ | जमुना अधिकारी | स्तरविहिन (का.स.) | करार | ५ नं. वडा आ.स्वा.के. | ९८४९४५६८८० |
| २७ | रामकुमार मिजार | अ.हे.व. | करार | ३ नं. वडा आ.स्वा.के. | ९८४००९९६६१ |
| २८ | नलिना पाण्डे | अ.न.मी. | करार | ३ नं. वडा आ.स्वा.के. | ९८६१००१७३१ |
| २९ | मनिषा थापा | स्तरविहिन (का.स.) | करार | ३ नं. वडा आ.स्वा.के. | ९८४९६९२१०० |
| ३० | दिनेश रुपाखेती | अ.हे.व. | करार | १ नं. वडा आ.स्वा.के. | ९८५११७०५८० |
| ३१ | ज्योति उप्रेती | स्तरविहिन (का.स.) | करार | १ नं. वडा आ.स्वा.के. | ९७४१७१३४८२ |
| ३२ | मल्लिका गिरी | अ.न.मी. | करार | १ नं. वडा आ.स्वा.के. | ९८४९८०४८२७ |
| **नौविसे स्वास्थ्य चौकी कोभिड अस्पताल तर्फ करार सेवामा कार्यरत कर्मचारीहरु** | | | | | |
| १ | डा. अमृत उप्रेती | मेडिकल अफिसर | करार | कोभिड अस्पताल | ९८६००३६७२४ |
| २ | रिक्त | स्टाफ नर्स | करार | कोभिड अस्पताल | |
| ३ | प्रदिप कार्की | कार्यालय सहयोगी | करार | कोभिड अस्पताल | ९८४०१४४४६६ |
| **एक विद्यालय एक नर्स कार्यक्रममा कार्यरत करार सेवाका कर्मचारीहरु** | | | | | |
| १ | सयुषा सुवेदी | एक विद्यालय एक नर्स | करार | महादेवस्थान मा.वि. | ९८६९१६७२७७ |
| २ | सुष्मा चापागाई | एक विद्यालय एक नर्स | करार | भुवनेश्वरी मा.वि. | ९८०३३०४३९४ |
| ३ | सिता तामाङ | एक विद्यालय एक नर्स | करार | महेन्द्रोदय मा.वि.,मैदान | ९८६००५७०८७ |
| ४ | अनिशा हमाल | एक विद्यालय एक नर्स | करार | मच्छिन्द्र मा.वि. | ९८६१५२३३२८ |
| ५ | सिर्जना राई | एक विद्यालय एक नर्स | करार | महेश धर्म मा.वि. | ९८६०३१३१३६ |

## धुनिवेशी नगरपालिकाभित्र कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम थर | पद | **स्थायी/करार** | कार्यरत स्थान | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| **वडा कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरु** | | | | | |
| १ | सृजना तिवारी | सहायक पाँचौं | स्थायी | ९ नं. वडा का. सचिव | ९८४५२०७०३४ |
| २ | ऋषिराम कोइराला | अधिकृत छैटौं | स्थायी | ८ नं. वडा का. सचिव | ९८५१२३६३९९ |
| ३ | ऋषिराम कोइराला | अधिकृत छैटौं | स्थायी | ७ नं. वडा का. सचिव | ९८५१२३६३९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | रेनुका खत्री | सहायक पाँचौं | स्थायी | ६ नं. वडा का.सचिव | ९८६९१८७९०८ |
| ५ | माधव विडारी | सहायक पाँचौं | स्थायी | ५ नं. वडा कार्यालय सचिव | ९८४३५३१९३६ |
| ६ | मिलन कुमार सुवेदी | सहायक पाँचौं | स्थायी | ४ नं. वडा का.सचिव | ९८४३६२१२९७ |
| ७ | गणेश अर्याल | सहायक चौथो | स्थायी | ३ नं. वडा कार्यालय सचिव | ९८४१९६९४७९ |
| ८ | रमेश प्रसाद सापकोटा | सहायक पाँचौं (सब-ईन्जिनियर) | स्थायी | २ नं. वडा का.सचिव | ९८४१४३६९८४ |
| ९ | श्री तिर्थराज पुन | ना.प.स्वा.प्रा. चौथो | स्थायी | ४ नं. वडा कार्यालय (३र४ हेर्ने) | ९८२९५८२९२२ |
| १० | सफल कुवँर | स्तरविहिन (का.स.) | स्थायी | ६ नं. वडा कार्यालय | ९८४९३३५६२४ |
| ११ | शशि थापा | सब-ईन्जिनियर | स्थायी | ६ नं. वडा कार्यालय | ९८४१६१८१२४ |
| १२ | अस्मिता सिलवाल | अ.सब-ईन्जिनियर | स्थायी | ८ नं. वडा कार्यालय | ९८४१०३३२३८ |
| १३ | नबिन्द्र के.सी. | अ.सब-ईन्जिनियर | स्थायी | ९ नं. वडा कार्यालय | ९८६१५७०५४४ |
| १४ | अमित कुमार दास | अ.सब-ईन्जिनियर | स्थायी | ७ नं. वडा कार्यालय | ९८१३०२२६१४ |
| **वडा कार्यालयमा कार्यरत करार सेवाका कर्मचारीहरु** | | | | | |
| १ | रविन पौडेल | स्तरविहिन (का.स.) | करार | १ नं. वडा कार्यालय | ९८४९३९२३८७ |
| २ | प्रदिप भट्टराई | स्तरविहिन (का.स.) | करार | २ नं. वडा कार्यालय | ९८४१७७२२८४ |
| ३ | रमिला विडारी | सामाजिक परिचालक | करार | ३ नं. वडा कार्यालय | ९८६०१२०७०७ |
| ४ | कल्याण बस्नेत | स्तरविहिन (का.स.) | करार | ३ नं. वडा कार्यालय | ९८४१६५९९९३ |
| ५ | राधाकृष्ण कोइराला | सहायक चौथो (ना.पशू स्वा. प्राविधिक) | करार | १ नं. वडा कार्यालय (१र२ हेर्ने) | ९७५१००११५० |
| ६ | निर्मल गौतम | स्तरविहिन (का.स.) | करार | ४ नं. वडा कार्यालय | ९८४६६५६९४९ |
| ७ | शान्ति गुरुङ (लामा) | स्तरविहिन (का.स.) | करार | ५ नं. वडा कार्यालय | ९७४४२४७२८८ |
| ८ | मुना भट्टराई | सामाजिक परिचालक | करार | ७ नं. वडा कार्यालय | ९८४१८२९१७८ |
| ९ | सर्मिला दाहाल | स्तरविहिन (का.स.) | करार | ७ नं. वडा कार्यालय | ९८४११९१८८८ |
| १० | अनिता पाण्डे | सामाजिक परिचालक | करार | ८ नं. वडा कार्यालय | ९८०१०२०४७९ |
| ११ | सुनिता भण्डारी | स्तरविहिन (का.स.) | करार | ८ नं. वडा कार्यालय | ९८४३६२६०२० |
| १२ | मनिस राई | स्तरविहिन (का.स.) | करार | ९ नं. वडा कार्यालय | ९८६०३२४५४० |
| १३ | जय प्रताप सिंह | सहायक पाँचौं (सब-ईन्जिनियर) | करार | १ र २ नं. वडा कार्यालय | ९८४२५५८९०४ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | विराट कुँवर | सहायक पाँचौं (सब-ईन्जिनियर) | करार | ३ र ४ नं. वडा कार्यालय | ९८४३४६२९७९ |

**रिक्त दरबन्दीको विवरण निम्नानुसार रहेको छः**

| क्र. सं. | पद | तह | रिक्त दरबन्दी | सेवा समूह |
|---|---|---|---|---|
| १ | सि.डि.ई | ९ | १ | इन्जिनियर |
| २ | इन्जिनियर | ७ | १ | इन्जिनियर |
| ३ | सहायक पाँचौ | ५ | २ | प्रशासन |
| ४ | सहायक पाँचौ | ५ | १ | आर्थिक प्रशासन |
| ५ | म वि नि | ५ | १ | विविध |
| ६ | अमिन | ४ | १ | इन्जिनियर सर्भे |
| ७ | सहायक चौथो | ४ | २ | नगरपालिका |
| ८ | सहायक पाँचौ | ५ | १ | प्रशासन सामान्य |
| ९ | मुखिया | ३ | १ | प्रशासन सामान्य |
| | नप्रह | | १ | |
| १० | अ. नि | | १ | |
| ११ | का स | प्रथम | १ | नगरपालिका |

## ४. निकायबाट प्रदान गरिने सेवा

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), धुनिवेशी नगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ।

## ५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

यस नगरपालिकाले सेवा सुविधा प्रवाह गर्न शाखाहरु, ९ वटा वडा कार्यालयहरु रहेका छन। नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीको पदमा कार्यरत अधिकारीको विवरण धुनिवेशी नगरपालिकाको वेबसाइट www.dhunibeshimun.gov.np मा उल्लेख गरिएको छ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस नगरपालिकाले प्रदान गर्न विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समायवधी विवरण धुनिवेशी नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ। यस

सम्बन्धी व्यवस्था धुनिवेशनी नगरपालिकाको वेबसाइट www.dhunibeshimun.gov.np मा समेत उल्लेख गरिएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघिय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही तालुक मन्त्रालयको निर्देशन परिपत्रहरुको अधिनमा रही प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदिय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ। नगरपालिकाको नितिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाइ निरन्तर अनुगमन नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, सहरी योजना आयोग, अनुगमन तथा मूल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको केन्द्रमा वरिष्ठ शाखा अधिकृत श्री झविलाल भुसाललाई गुनासो सुनुवाइको फोकल व्यक्तिको रुपमा तोकिएको छ।

## ९. सम्पादन गरेको कामको विवरण

यस नगरपालिकाले नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा नगरपालिकाले गर्न सक्ने सम्पुर्ण काम कारवाही गर्दै आइरहेको छ। आ.व.२०८१/०८२ कात्तिक १ गते देखि पौष मसान्त सम्म मा सम्पन्न गरिएका कामको विवरण निम्न अनुसार रहेको छ।

### १. आर्थिक विकास

### १.१ कृषि

- नगर फलफुल तथा पुष्प श्रोत केन्द्रमा मौसम अनुसारका फुल तथा फलफुलको बेर्ना उत्पादन गरिदै आएको।हालसम्म सयपत्री फुलको ४५ हजार बेर्ना उत्पादन गरी वितरण गरिएको।यसैगरी ६ सय बेर्ना रूखकटहर हालसालै उपलब्ध रहेको छ । एभोकाडो २ हजार बेर्ना र कागतीको २ केजी बीउबाट बेर्ना उत्पादनका लागि तयारी अवस्थामा रहेको ।नर्सरीमा २ हजार ५ सय ओटा मेवाको बिरुवा उमारी तयार गरिएको
- विषादी सचेतना सम्वन्धी कार्यक्रम अन्तर्गत ७० जना कृषकहरुलाई विषादी सचेतना सम्बन्धि घुम्ती तालिम प्रदान गरिएको ।
- बाली विषेश आई. पि. एस पाठशाला कार्यक्रम संचालनल गर्न आवेदन खुलाई माग संकलन गरिसकेको, सोहि बमोजिम तोकिएको स्थान र मौसम अनुसारको बाली छनौट गरी पाठशाला सञ्चालन गरिने ।

- सय जना भन्दा बढी कृषकलाई माग बमोजिम २ हजार के.जी गहुँको बीउ वितरण गरिएको छ ।
- एक वडा एक उत्पादन कार्यक्रम अन्तरगत वडा नं. ६ मा सुन्तला खेती प्रर्वद्धन गर्न जिल्ला कृषि विकास कार्यालय धादिङ, नगरपालिका र वडा नं.६ मा गठित कृषक समुह बिच त्रिपक्षीय सम्झौता गरिएको।
- ५० प्रतिशत अनुदानमा गोला सहितको तथा खाली मौरी घार वितरण कार्यक्रम सूचना प्रकाशन गरी माग संकलन गर्दा परेका १ सय ६ निवेदन मध्ये खालि मौरी घार ४ सय २५ वटा र गोला सहितको ३ सय २१ वटा घार माग भई आर्थिक विकास समितिबाट निर्णय भई वितरणको प्रकृयामा रहेको ।
- माटो परिक्षण ल्यावको लागी डिजिटल उपकरण व्यवस्थापनको लागी सिलबन्दी दरभाउ पत्र माग गरिएको छ।यस कार्यक्रमबाट जुनसुकै बेला माटो परिक्षण गरि तुरुन्तै नतिजा उपलब्ध गराई कृषकको कृषि कर्यमा सहयोग पुग्नेछ ।
- केन्द्रिय माटो परिक्षण प्रयोगशालासँगको समन्वयमा मोबाईल भ्यान मार्फत शिविर सञ्चालन गरि करिब ५५ वटा नमुना माटो परिक्षण गरिएको ।
- ५० प्रतिशत अनुदानमा मौसम अनुसारका फलफुल बिरुवा वितरण कार्यक्रमको सूचना प्रकाशन गरी माग संकलन गर्दा ७ सय १३- जापानिज हलुवावेद, ३ सय ७३ -नास्पाति, ४ सय ७२- ओखर, १ सय ७८ -ड्रागन फ्रुट, २ सय ५०-अंगुरको विरुवा माग भई आएको हुँदा उक्त संख्या बराबरको फलफुलका विरुवा वितरणको प्रकृयामा रहेको।
- सयपत्री फुल खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत सूचना प्रकाशन गरी माग संकलन गर्दा ३ लाख ३३ हजार ८ सय वेर्ना तथा ६.१२ किलो वीउको माग भई आएकोमा बजेट सिमा भित्र रहि १० ग्रामको दरले सबै निवेदकहरुलाई वितरणको प्रकृयामा रहेको।
- वडा नं. ५ मा तरकारी खेती प्रर्वद्धन कार्यक्रम अन्तर्गत छनौट भएका ९ वटै आवेदकहरुको प्रारम्भिक अनुगमन भई सम्झौता गरि कार्य सञ्चालन भईरहेको।
- वडा नं. ७ मा कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत कन्ये च्याउ उत्पादन कार्यक्रमका लगि छनौट भएका आवेदकको प्रारम्भिक अनुगमन भई सम्झौता गरि कार्य सञ्चालन भईरहेको।
- वडा नं. ७ कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत व्यवसायीक किट कार्यक्रमका लागि छनौट भएका आवेदकको प्रारम्भिक अनुगमन भई सम्झौता गरि कार्य सञ्चालन भईरहेको।
- हरित विद्यालय कार्यक्रम अन्तर्गत छनौट भएका श्री कालीदेवी आ.वि वडा नं.६ र श्री भुवनेश्वरी मा.वि वडा न.५ मा प्रारम्भिक अनुगमन भई सम्झौता गरि कार्य सञ्चालन भईरहेको।
- रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तरगत सूचना प्रकाशन गरी माग संकलन गर्दा माग बमोजिम धुनिवेशीको रैथाने बाली प्रवर्द्धनको लागी २० रोपनिको लागी ६० हजार - उखुको सेट, ६०० वटा अम्बाको विरुवा निशुल्क वितरण गरिने र रैथाने बाली प्रशोधनको लागी ५० प्रतिशत अनुदानमा कृषि मेसिनरी वितरण गर्ने प्रकृया अघि वढेको।

### १.२ पशुपंक्षी

- आ.व २०८१/८२ को पुस मसान्तसम्म नगरपालिका भित्रका ५ सय १७ गाई, १ सय ९४ भैंसी, ५ हजार ७ सय ५२ बाख्रा, ७७ बंगुर र स्थानिय ७ सय ४६ कुखुरा गरी जम्मा ७ हजार २ सय ८६ वटा पशुपन्छीको औषधि उपचार गरिएको।

- घरपालुवा तथा सामुदायीक ३ सय १५ वटा कुकुरलाई रेबिज रोग विरुद्धको खोप तथा १ हजार ५ सय ५० वटा ठूला पशुहरुलाई लम्पि स्किन रोग विरुद्धको खोप लगाउने कार्य सम्पन्न गरिएको।
- छाडा कुकुरहरुको संख्या नियन्त्रणको लागि ११५ वटा सामुदायीक तथा छाडा कुकुरहरुलाई बन्ध्याकरण गर्ने कार्य सम्पन्न गरिएको।
- ५५० के.जी. हिउंदे घाँस (जैं) को विउ वितरण गर्ने कार्य सम्पन्न गरिएको।
- उन्नत पशु उत्पादनको लागि ५५७ वटा गाई र ६४ वटा भैंसीमा कृत्रिम गर्भाधान गर्ने कार्य सम्पन्न गरिएको।
- ४५ वटा बोका बन्ध्याकरण तथा ४६ वटा गोबरको नमुना परिक्षण गरि आवश्यक्तानुसार औषधि वितरण गरिएको।
- नगरपालिकाका ९ वटै वडामा एक एक पटक निःशुल्क घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरि जम्मा ९४४ घरधुरीका १४ हजार १६ वटा पशुहरुको रोग निदान तथा औषधि उपचार गर्ने कार्य सम्पन्न गरिएको।

## १.३ प्रधानमन्त्री रोजगार

- रोजगार व्यवस्थापन सुचना प्रणली (EMIS) मा सुचिकृत बेरोजगार निवेदकको प्राथमिकिकरणको सुचि प्रत्येक वडामा उपलब्ध गराईएको।
- आ.व.२०८१/०८२ मा कार्यक्रम सञ्चालनका लागि वडागत रुपमा बजेट बाँडफाड गरिएको जस अन्तर्गत वडा नं. १,३,४,५,र ९ मा ४० जनालाई कार्यस्थलमा आधारित सिप तालिम सहित आयोजना सञ्चालन मार्फत रोजगारी सृजनाको लागि २६ लाख ७३ हजार तथा वडा नं. २,६,७ र ८ मा रोजगारी सृजनाको लागि रकम रु २३ लाख २२ हजार व्यवस्था गरिएको।
- आ.व.२०८१/०८२ मा सञ्चालन गरिने आयोजनाहरुको माग तथा प्राविधिक इष्टिमेटको कार्य अघि बढाइएको
- प्राविधिक इष्टिमेट तथा कार्यपालिकाबाट पारित भएका ९ वटै वडामा गरी १० वटा आयोजनाहरु सञ्चालनको तयारीमा रहेका।
- धुनिवेशी नगरपालिकाको बालश्रम मुक्त पालिका घोषणा सम्बन्धि कार्यविधि - २०८१ पारित गरिएको।
- वैदेशिक रोजगार वोर्डको सचिवालय मार्फत प्रदान गरिने वैदेशिक रोजगार सन्तति छात्रवृत्ति कार्यक्रमको आवेदन माग सङ्कलन गरि वैदेशिक रोजगार वोर्डका अन लाइन (FEWMIS) प्रणालिमा प्रवृष्टि गर्ने कार्य सम्पन्न भएको जस अन्तर्गत यस आ.व. २०८१/०८२ मा ६ जना विद्यार्थीले उक्त छात्रावृत्ति प्राप्त गर्ने छन्।
- पूर्व सिकाईको आधारमा आफुले प्राप्त गरेको सीप प्रमाणीकरणको लागि सीप परीक्षणमा सहजीकरण गरिएको
- कार्यस्थलमा आधारित सीप/क्षमता विकास तालिम र जिवन उपयोगी सीप तालिमका लागि सुचना प्रकाशन गरिएको ।

## १.४ लघु उद्यम विकास कार्यक्रम

- लघु उद्यमीहरुले उत्पादन गरेको बस्तुहरु प्रदर्शनी मेलामा विक्री वितरणको लागि सहजिकरण गरिएको।
- वडा नं. ६ र ८ मा प्रविधि हस्तान्तरण तथा प्रमाण पत्र वितरण कार्यक्रम सम्पन्न गरिएको।

- वडा नं. ३ मा एड्भान्स व्युटिसियन तालिमको प्रविधि हस्तान्तरण र आधारभूत सिलाईकटाई तालिम सम्पन्न गरि ३० जनालाई प्रमाणपत्र वितरण गर्ने कार्य सम्पन्न गरिएको।
- वडा नं. ३ छत्रेपाटीमा छत्रेपाटि महिला समूहका १३ जना सदस्यलाई व्युटिसियन तालिम,वडा नं . ८ वर्थुम्कीमा सुनौलो लघु उद्यम समूहका १६ जना सदस्यहरुलाई जुत्ताचप्पल वनाउने तालिम र वडा नं. ९ खत्रीथोकमा लागिगुँरास लघु उद्यमी समूहका १५ जना सदस्यहरुलाई सरसफाई सामाग्री वनाउने तालिमलाई निरन्तरता दिने सम्वन्धी आवश्यक परामर्श गरिएको।

### १.५ सहकारी

- सहकारी संस्थाहरुको बिनियम संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गरिएको।
- यस नगरपालिका भित्र कार्यक्षेत्र रहेका सहकारी संस्थाहरुको बार्षिक समिक्षा कार्यक्रम सम्पन्न गरिएको।
- १८ वटा सहकारी संस्थाहरुको साधारणसभामा भाग लिई १ वटा सहकारी संस्थामा विधिसम्मत साधारणसभा तथा आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्य भएको।
- सम्पत्ती शुद्धिकरण विभागवाट नियमित भइरहने सोधनीको जवाफ पठाउने कार्यको लागि सहकारी संस्थाहरुमा कार्यान्वयन अधिकारी तोकीएको।

## २. सामाजिक विकास

### २.१ शिक्षा युवा तथा खेलकुद

- नगरभित्रका सामुदायिक तथा संस्थागत ४२ वटै विद्यालयका प्रधानाध्यापक तथा IEMIS सम्बन्धी काम गर्ने शिक्षकहरुको लागि १ दिने IEMIS व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम संचालन गरिएको।
- नगरपालिका अन्तरगतका ५ वटा सामुदायिक विद्यालयहरु (चण्डेश्वरी आवि, वाराहीदेवी आवि, जनशक्ति आवि, मच्छिन्द्र मावि र महेशधर्म मावि) मा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गरिएको।
- धुनिवेशी नगरपालिकाको समन्वय तथा सहजीकरण र धुलिखेल तालिम केन्द्रको आयोजनामा आधारभूत तहका शिक्षकहरुको लागि एकीकृत पाठ्यक्रम सम्बन्धी ५ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको।
- नगरपालिका अन्तरगतका ३५ वटा सामुदायिक विद्यालयमा कार्यरत २ सय ११ जना करार शिक्षक तथा कर्मचारीहरुको सम्पति विवरण व्यवस्थापन सफ्टवेयरमा इन्टी गरिएको
- धुनिवेशी नगरपालिकाको स्थानीय पाठ्यक्रम (हाम्रो धुनिवेशी) सन्दर्भ सामग्री निर्माणको लागि आवश्यक तथ्याङ्क संकलन गरी निर्माण कार्य भईरहेको ।
- मासिक रुपमा धुनिवेशी नगर भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको बैठक सम्पन्न गरिएको तथा आवश्यकताको आधारमा संस्थागत विद्यालयका प्रधानाध्यापकहरुको बैठक संचालन गरिएको ।

- सबै सामुदायिक विद्यालयमा बालविकास देखि कक्षा ३ सम्म अध्ययरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान सम्बन्धी विद्यालयका प्रधानाध्यापक तथा सुचना प्रविधि (IEMIS) सम्बन्धी काम गर्ने शिक्षकहरुको लागि १ दिने क्षमता विकास तालिम संचालन गरिएको र सबै विद्यालयमा बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने काम संचालन भईरहेको।
- शैक्षिक सत्र २०८१ को लागि संस्थागत विद्यालय छात्रवृत्ति वितरण गरिएको।
- आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (९-१२) संचालन भएका १७ वटा सामुदायिक विद्यालयहरुमा स्यानिटरी प्याड वितरण गरिएको।
- धुनिवेशी नगरपालिकाको समन्वय तथा सहजीकरण र शिक्षा विकास तथा समन्वय इकाइ, धादिङको आयोजनामा आधारभूत तह कक्षा ६-८ मा अध्यापनरत विषयगत (अंग्रेजी गणित र विज्ञान विषय) शिक्षकहरुको लागि १ दिने नयाँ पाठ्यक्रम कार्यान्वयनका लागि क्षमता विकास तथा सहजीकरण कार्यशाला संचालन गरिएको।
- जीवनपुर कुलचन्द्र आधारभूत विद्यालयको शौचालय निर्माण कार्य सम्पन्न गरिएको
- ३५ ओटै सामुदायिक विद्यालयहरुको लागि प्रति विद्यार्थी लागत अनुदान रकम (नगरपालिका स्रोत) वितरण गरिएको।
- नगरपालिका अन्तरगतका सबै सामुदायिक विद्यालयहरुको आ.व.२०८०/०८१ को लेखा परीक्षण गर्नको लागि आशय पत्र संकलन गरी लेखा परीक्षक छनौट गरिएको।
- लायन्स क्लब अफ हिमालयन गल्फर्सबाट सामुदायिक विद्यालयमा अध्ययनरत १ हजार ५ सय २६ जना विद्यार्थीहरुका लागि सिरानी, डसना, म्याट्रेस, ट्र्याकसुट, झोला र एनसेल फाउन्डेसनबाट ४ सय १५ जना बालबालिकालाई ट्र्याकसुट, झोला र स्टेशनरी वितरण कार्यक्रम आयोजना गरी सम्पन्न गरेको।
- शिक्षा तालिम केन्द्र, धुलिखेलको आयोजनमा आधारभूत तहका १४ जना प्रधानाध्यापकहरुलाई नेतृत्व क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको।
- विभिन्न विद्यालयहरुका लागि शिक्षक छनौट गरिएको
    - ज्वालामुखी आधारभूत विद्यालयको लागि सुत्केरी सट्टा शिक्षक व्यवस्थापन गरिएको
    - त्रिकुटेश्वरी आ.वि. र महेशधर्म मा.वि. मा नगर अनुदान दरबन्दीमा बालविकास सहजकर्ताको व्यवस्थापन गरिएको
    - महेशधर्म मा.वि. (२ जना), महादेवस्थान मा.वि. (२ जना), महंकालेश्वरी मा.वि. (१ जना) र महेन्द्रोदय मावि, मैदानमा (१ जना) गरी जम्मा ६ जना करार शिक्षक व्यवस्थापन गरिएको
- आवश्यकताको आधारमा नगर शिक्षा समितिको बैठक संचालन गरिएको।
- समय समयमा विद्यालयहरुमा अनुगमन तथा निरीक्षण गरिएको।
- धुनिवेशी नगरपालिकाको शिक्षा क्षेत्रमा आ.व. २०८०/०८१ भए/गरेका क्रियाकलाप तथा शैक्षिक विवरण सहितको वार्षिक शैक्षिक बुलेटिन प्रकाशन गरी वितरण गरिएको।
- निम्न कार्यविधि तथा कानुन निर्माण गरिएको
    - धुनिवेशी नगरपालिका सामुदायिक विद्यालय शिक्षा पुरस्कार तथा सम्मान निर्देशिका, ०८१

- धुनिवेशी नगरपालिका विद्यालय लेखा परीक्षण कार्यविधि, २०८१
- धुनिवेशी नगरपालिका विद्यालयहरुको नगर स्तरमा परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणिकरण कार्यविधि, २०८१
- धुनिवेशी नगरपालिका आवासीय विद्यालय कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को संशोधन
- धुनिवेशी नगरपालिकाको शिक्षा ऐन, २०८० मा संशोधन प्रस्ताव नगर कार्यपालिका बैठकबाट स्वीकृत
- प्रसुती विदा, असाधारण विदा र वेतलबी विदामा रहेका शिक्षकहरुको सट्टामा सट्टा शिक्षक नियुक्ति गर्ने, नगर अनुदानका शिक्षकहरुलाई नेपाल सरकारले तोकेको स्केलमा तलब सुविधा प्रदान गर्ने र प्रधानाध्यापकहरुलाई प्रोत्साहन गर्न प्र.अ. भत्ता थप गर्ने निर्णयहरु नगरकार्यपालिका बैठकबाट स्वीकृत

➢ हाल सम्म संघीय ससर्त अनुदान अन्तरगत ४९.३५ प्रतिशत, प्रदेश अनुदान अन्तरगत ५३.८४ प्रतिशत र स्थानीय तहको १८.५८ प्रतिशत वित्तीय प्रगति भएको छ ।

➢ सबै तहको समग्र प्रगति : ४०.५९ प्रतिशत रहेको छ ।

## २.२. स्वास्थ्य

➢ नगरपालिकाको स्वास्थ्य संस्थाहरुबाट १४ हजार ५ सय २८ जना नयाँ सेवाग्राहीहरुले बहिरंग सेवाबाट उपचारात्मक, औषधि तथा परामर्श सेवा प्राप्त गरेका छन् जस मध्ये २ हजार ७ सय ३३ जना जेष्ठ नागरिक रहेका छन् ।

➢ यस नगर भित्र रहेका नौविसे, जीवनपुर र छत्रेदेउराली स्वास्थ्य चौकीहरुमा सञ्चालित प्रयोगशालावाट ५ सय ८८ जनालाई निःशुल्क र १ हजार १ सय ६ जनालाई सःशूल्क गरी जम्मा १ हजार ६ सय ८४ जनालाई प्रयोगशाला सेवा प्रदान गरिएको छ र प्रयोगशाला सेवा वापत रु १ लाख ६१ हजार ३ सय २५।- रुपैयाँ राजस्व जम्मा भएको छ ।

➢ तीन वटा स्वास्थ्य चौकीहरुबाट ४ सय ८७ जनालाई विहानी ल्याब सेवा प्रदान गरिएको छ ।

➢ नगर भित्र मासिक रुपमा सञ्चालित १२ वटा गाँउघर क्लिनिकवाट १ हजार ४ सय ४९ जनालाई सेवा प्रदान भएको छ ।

➢ यस नगर भित्र रहेका २८ जना महिला सामुदायिक स्वास्थ्य स्वंयम् सेविकाहरुद्धारा १ सय ६८ पटक स्वास्थ्य आमा समुहको बैठक वसालिएको छ भने ५ हजार २ सय १० जनाले परामर्श सेवा प्राप्त गरेका छन् ।

- आमा सुरक्षा कार्यक्रम अन्तर्गत १ सय ७३ जना गर्भवती महिलाहरुले कम्तीमा एक पटक गर्भवती जाँच गराएका र १ सय ६ जना गर्भवती महिलाहरुले प्रोटोकल अनुसार ४ पटक र ७५ जनाले ८ पटक गर्भ जाँच सेवा प्राप्त गरेका छन् ।
- यस नगर अन्तर्गत रहेका नौविसे, छत्रेदेउराली र जिवनपुर स्वास्थ्य चौकीमा सञ्चालित बर्थिङ सेन्टरहरुमा ५४ जना महिलाहरुले संस्थागत सुत्केरी सेवा लिएका छन् भने उक्त सुत्केरी महिलाहरुलाई भित्री कपडा, स्यानिटरी प्याड र वर्थिङ सेन्टरमा वसुन्जेल पोषिलो जाऊलोको व्यवस्था भएको छ ।
- १ सय २ जना गर्भवती महिलाहरुलाई १ सय ८० आइरन चक्की र क्याल्सियम चक्की वितरण गरिएको छ।
- ७३ जना सुत्केरी महिलाहरुले भिटामिन ए पाएका छन् भने ५८ जना सुत्केरी महिलाहरुले ४५ आइरन चक्की पाएका छन् ।
- उत्तर प्रसुति घरभेट कार्यक्रम अन्तर्गत १२० जना सुत्केरी महिलाहरुलाई प्रोटोकल अनुसार ४ पटक सुत्केरी जाँच सेवा प्रदान गरिएको छ ।
- सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत ५२ जना महिलाहरुले सुरक्षित गर्भपतन सेवा प्राप्त छन् ।
- हाल सम्म १९० जना नयाँ सेवाग्राहीहरु परिवार नियोजन सेवामा आबद्ध भएका छन् भने १ हजार ९ सय १६ जनाले निरन्तर लामो तथा छोटो अवधीको परिवार नियोजनका साधनहरु प्रयोग गरिरहेका छन् ।
- तीन वटा स्वास्थ्य चौकीहरु र वडा नं. ९ को कानाकोटमा रहेको आधारभुत स्वास्थ्य केन्द्रवाट मासिक रुपमा ग्रामिण अल्ट्रासाउण्ड सेवा प्रदान भइरहेको छ, जसमा १ सय ७२ जना नयाँ र १ सय ९६ जना पुराना सेवा प्राप्त गर्ने गर्भवती महिलाहरु रहेका छन् ।
- खोप सेवा अन्तर्गत २ बर्ष मुनिका २ सय २ जना बालबालिकाहरुले राष्ट्रिय खोप तालिका अनुसार १३ थरीका एन्टिजेन खोप प्राप्त गरेका छन् ।
- यस नगर भित्रका २ बर्ष मुनिका १७५ जना नयाँ बालबालिकाहरु बृद्धि अनुगमन कार्यक्रममा आबद्ध भएका छन् साथै १ सय ४७ जना २३ महिना पुरा गरेका बालबालिकाहरुको १ हजार ५ सय ९२ पटक बृद्धि अनुगमन गरिएको छ ।
- कार्तिक महिनामा राष्ट्रिय भिटामिन ए कार्यक्रम सञ्चालन गरियो जसमा १ हजार ७ सय २१ जना ६ देखि ५९ महिनासम्मका बालबालिकाहरुले भिटामिन ए पाएका छन् भने १ हजार ५ सय ४७ जना १२ देखि ५९ महिनासम्मका बालबालिकाहरुले जुकाको औषधि पाएका छन् ।
- मंसिर महिनामा सञ्चालन गरिएको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम अन्तर्गत विद्यालयका ४ हजार ८ सय ८३ विद्यार्थीहरुलाई जुकाको औषधी वितरण गरिएको छ भने १ हजार ३ सय ४५ जना किशोरीहरुले १३ हप्तासम्म आइरन फोलिक एसिड पाएका छन् ।
- विद्यालयहरुमा विविध बिषयमा ९ पटक र समुदायमा १४ पटक स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।
- कडा रोग लागेका ३८ जना विपन्न नागरिकहरु (मुटु रोग १० जना, मृगौला ५, क्यान्सर १७ जना, हेड इन्जुरी २ जना, स्पाइनल ईन्जुरी ४ जना,) तथा अन्य रोग लागेका ५ जना विपन्न नागरिकहरुलाई आर्थिक सहायता प्रदान गरिएको छ ।

- औषधी उपचार खर्च बापत असोज मसान्तसम्म ८६ जना (क्यान्सर, मृगौला प्रत्यारोपण, डायलाइसिस तथा स्पाइनल इन्जुरी भइ पक्षघात भएका) विरामीहरुलाईं प्रति महिना रु पाँच हजारका दरले औषधि खर्च प्रदान भएको छ ।
- नौबिसे स्वास्थ्य चौकीबाट हप्ताको एक पटक सञ्चालित विशेषज्ञ चिकित्सकिय सेवा अन्तर्गत ७ सय ३३ जना नागरिकहरुले जनरल फिजिसियन सेवा र ५१ जनाले स्त्री रोग विशेषज्ञ सेवा प्राप्त गरेका छन् ।
- जेष्ठ नागरिक तथा फरक क्षमता भएका नागरिकहरुको लागि घर दैलो स्वास्थ्य परिक्षण कार्यक्रम अन्तर्गत यस नगर भित्रका २ सय ६८ जना नयाँ र पुनः भेट १ हजार ५ सय २९ जना जेष्ठ नागरिक तथा ८ जना नयाँ र ३३ जना पुनः भेट अपाङ्गता भएका नागरिकहरुलाई स्वास्थ्यकर्मीहरु घरदैलोमा नै गई स्वास्थ्य परिक्षण,औषधि तथा परामर्श सेवा प्रदान गरिएको छ ।
- तिलगंगा सर्जिकल आँखा केन्द्र, धादिङको सहयोगमा नौबिसे स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य सेवा केन्द्र ५, अमेलेचौरमा सञ्चालित निःशुल्क आँखा परिक्षण कार्यक्रममा १ सय ९२ जना सेवाग्राहीहरुको निःशुल्क आँखा परिक्षण गरिएको छ जसमा २४ जनामा मोतिविन्दु र मधुमेह/उच्च रक्तचाप भएका ७ जनामा आँखा सम्बन्धि समस्या भएको पत्ता लागेको छ ।
- जनस्वास्थ्य कार्यालय धादिङको आयोजनामा नौबिसे स्वास्थ्य चौकीमा सञ्चालन गरिएको परिवार नियोजन स्थायी बन्ध्याकरण शिविर २ जना महिला र ९ जना पुरुषले स्थायी बन्ध्याकरण सेवा लिएका छन् ।
- स्वास्थ्य संस्थाको भवन निर्माणमा तत्कालिन नौविसे स्वास्थ्य चौकी रहेको स्थानमा नगर अस्पताल भवन र छत्रेदेउराली स्वास्थ्य चौकी भवन निर्माण सम्पन्न भई हस्तान्तरण प्रक्रियामा रहेका छन् ।
- नगरपालिकाको स्वमित्वमा रहेका ४ वटा एम्बुलेन्सहरुले (नौविसे स्वास्थ्य चौकी ,जिवनपुर स्वास्थ्य चौकी र छत्रेदेउराली स्वास्थ्य चौकीमा रहि) ६ सय ४५ जनालाई निःशूल्क, २ सय ६५ जनालाई सःशूल्क गरी जम्मा ९ सय १० जना सेवाग्राही नागरिकहरुलाई एम्बुलेन्स सेवा उपलब्ध भएको छ र राजस्व वापत रु २ लाख ६८ हजार ७ सय ३०।— जम्मा भएको छ ।
- नौविसे स्वास्थ्य चौकीमा सञ्चालनमा रहेको x-ray सेवा बाट हालसम्म ५ सय २४ जनालाई एक्स-रे सेवा प्रदान भएको छ जसमा ५५ जना निःशुल्क र ४ सय ६८ जनाले सःशूल्क एक्स-रे सेवा प्राप्त गरेका छन्, जस अनुसार राजस्व जम्मा रु १ लाख २३ हजार १ सय संकलन भएको छ ।
- धुनिवेशी नगरपालिका अन्तर्गत वडा नं. १, चिलाउनेगाउँ, वडा नं.-२, थापागाउँ र वडा नं. ७ मजुवामा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भइ स्वास्थ्य सेवा प्रदान भइरहेको छ जसबाट हालसम्म ५ सय ४४ जना नयाँ र १ हजार १ सय ३८ जना पुराना सेवाग्राहीहरुले सेवा प्राप्त गरेका छन् ।
- नागरिक आरोग्य सेवा केन्द्रबाट १ हजार ४ सय २३ जनालाई आयूर्वेद स्वास्थ्य सेवा प्रदान भएको छ भने तीन वटा स्वास्थ्य चौकीहरुबाट ७ सय ५९ जना सेवाग्राहीहरुलाई घुम्ती आयूर्वेद स्वास्थ्य सेवा प्रदान भएको छ ।
- संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरी स्वास्थ्यकर्मीहरुको क्षमता अभिबृद्धी गर्न सघन रुपमा तालिम प्रदान गर्ने कार्य भईरहेको छ ।

- धुनिवेशी नगरपालिकाभित्र रहेका ३ वटा स्वास्थ्य चौकीहरुबाट निःशुल्क डेंगु परिक्षण सेवा प्रदान भइरहेको छ जसमा १ सय १९ जनाको डेगुं रोगको एन्टिजेन परीक्षण गरिएकोमा ८ जनाको परिक्षण नतिजा पोजिटिभ रहेको छ।
- डेंगु रोकथाम तथा नियन्त्रणका लागि वडागत रुपमा लामखुट्टेको लार्भा खोजौं र नष्ट गरौं अभियान सञ्चालन गरिएको छ ।

## २.३. महिला बालबालिका तथा जेष्ठ नागरिक

- ३८ जना महिला र ३८ जना पुरुष गरी जम्मा ७६ जना व्यक्तीहरुलाई जेष्ठ नागरिक परिचय पत्र कार्ड वितरण गरिएको ।
- क वर्गको १ ,ख वर्गको १३ ,ग वर्गको ५ र घ वर्गको ३ जना गरी जम्मा २२ जना अपाङ्गता भएका व्यक्तीहरुलाई अपाङ्गता परिचय पत्र कार्ड वितरण गरिएको।
- अन्तराष्ट्रिय लैगिक हिंसा विरुद्धको १६ दिने अभियान वडा स्तरिय सचेतना तथा अन्तरक्रिया कार्यक्रम गरि सम्पन्न गरिएको।
- अन्तराष्ट्रिय अपाङ्गता दिवसको अवसरमा नगरपालिका र अपाङ्गता भएका व्यक्तीहरुको संस्थाको समन्वयमा सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- वडा नं. ९ मा १५ जनाको समूहमा क्रिस्टलको गहना वनाउने सिप विकास कार्यक्रम सम्पन्न गरिएको।

## २.४. सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी कार्यक्रम अन्तर्गत विभागको एम.आइ.एस प्रणालीमा ९ वटै वडाको लाभग्राहीहरुको नाम, बैक खाता नं. लगायतका व्यक्तिगत विवरण अनुसार सिस्टममा अपडेट गरि बैक खातामा सिधै रकम जम्मा हुने गरि विधुतिय भुक्तानी प्रणाली EFT मार्फत आ.व ०८१।०८२ को प्रथम त्रैमासिकमा कुल लाभग्राही ३ हजार ७ सय १७ जनालाई ३ करोड ७१ लाख ७३ हजार ७ सय ८४ रुपैया निकासा गरिएको र दोस्रो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता कुल लाभग्राही ३ हजार ७ सय ३९ जनालाई रु ३ करोड ७५ लाख ६४ हजार ६ सय ७७ रुपैया निकासा गरिएको छ भने प्रथम त्रैमासिकमा मृत्यु भएका ५ जना लाभग्राहीहरुको लगत कट्टा गरि रु १९,६००।-रकम कोष लेखा तथा नियन्त्रकको कार्यालय, धादिङमा फिर्ता गरिएको छ ।लाभग्राहीहरुको विवरण नगरपालिकाको वेभसाईट मार्फत सार्वजनिक गरिएको छ।

## २.५ पञ्जिकरण

- यस नगरपालिकाका भित्रका ९ वटै वडामा अनलाईन मार्फत व्यक्तिगत घटना दर्तामा जन्म दर्ता अन्तर्गत महिला १२२, पुरुष १४७ गरी कुल जम्मा २६९, मृत्यु दर्ता अन्तर्गत महिला संख्या ४७, पुरुष संख्या ६६ गरी जम्मा कुल संख्या ११३, विवाह दर्ता अन्तर्गत ११९ जोडी संख्या, बसाईसराई दर्ता आएको दर्ता संख्या ४ र गएको दर्ता संख्या ९ छ भने सम्बन्ध विच्छेद संख्या १५ गरि जम्मा कुल व्यक्तिगत घटना दर्ता संख्या ५२९ रहेको छ ।

## २.६. सुरक्षित आप्रवासन सामी परियोजना

- १०२ जना महिला र ८७ जना पुरुष गरी जम्मा १८९ जनालाई गहन अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
- रिटर्नी स्वयमसेवकद्वारा ८२४ जनालाई वैदेशिक रोजगार सम्वन्धी सूचना प्रदान गरिएको ।
- कालीदेवी वितिय साक्षरता तथा मनोपरामर्श समुहको सातौं सेसन संचालन गरी २३ जना सहभागी र लोकेश्वर वित्तिय साक्षरता तथा मनोपरामर्श समूहको दशौं सेसन संचालन गरी २४ जना गरी जम्मा ४७ जनालाई वित्तिय साक्षरता तथा मनोपरामर्श सेवा प्रदान गरिएको ।
- १६ जनालाई मनोपरामर्श सेवा प्रदान गरि रहेको र १४ जनालाई मनोपरामर्श सेवा प्रदान गरी सेवा वन्द गरिएको ।

## ३. भौतिक पूर्वाधार विकास

## ३.१. योजना

- चालु आ.व. २०८१/०८२ को पौष महिनासम्म नगरस्तरीय र वडास्तरीय गरी जम्मा २३९ वटा योजना मध्ये ११५ वटा योजनाहरु सम्झौता भई २९ वटा योजनाहरु सम्पन्न भइसकेका छन् भने बाँकी योजना सम्पन्न र सम्झौता हुने क्रममा रहेका छन्।
- २३९ वटा योजनाहरु मध्ये रु. १ लाख सम्मका ३९ वटा, रु. १ लाख भन्दा माथि ५ लाख सम्मका १४० वटा र रु. ५ लाख भन्दा माथि १० लाख सम्मका ६० वटा योजनाहरु रहेका छन्।
- योजनाको कामलाई प्रभावकारी, पारदर्शी, मितव्ययी, गुणस्तरीय र दिगो बनाउन अनुगमन तथा मूल्याङ्कन कार्यलाई निरन्तरता दिइएको छ।

## ३.२. पूर्वाधार

- आ.व२०८१/८२ को पुस मसान्त सम्म विभिन्न २९ वटा योजनाहरु ई-विडिङ्ग मार्फत सूचना प्रकासित गरी १८ वटा योजनाको ठेक्का मूल्याङ्कन गरि सम्झौता गरिसकिएको र बाँकी सम्झौताको प्रकृयामा रहेका छन्। सम्झौता भएका मध्ये एउटा योजना सम्पन्न भईसकेको छ।

## ३.३ नापी

- २७ वटा सार्वजनिक जग्गा नाँप जाँज गरिएको ।
- पालिकामा निवेदन दिएका २७ वटा व्यक्तिगत जग्गाको नापजाँच गरि साध सिमान छुट्याउने काम गरिएको
- घर नक्सा पासका लागि २० वटा जग्गाको फिल्ड निरिक्षण अनुगमन गरिएको ।

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन

## ४.१. वातावरण तथा फोहोर मैला व्यवस्थापन

- धुनिवेशी नगर क्षेत्रलाई स्वच्छ, सफा र सुन्दर नगर बनाउन "हिमालय वातावरण संरक्षण प्रा.ली" बाट फोहोरमैला व्यवस्थापन हुँदै आएकोमा आ.व. ०८१/०८२ देखि शिरिषा एण्ड सुजा कन्स्ट्रक्सन प्रा.लि.सँग ठेक्का सम्झौता भई फोहोरमैला व्यवस्थापन हुँदै आएको छ।

## ४.२. विपद् व्यवस्थापन

- २०८१ सालको असार, श्रावण, भदौ र असोज १०, ११ र १२ गतेको अबिरल वर्षातको कारण क्षति भएका सिंचाई कुलो, खानेपानी र अबरुद्ध भएका सडकहरु मध्ये वडा नं. २, ३, ४, ५, ६, ७ र ९ का सडकहरु उपभोक्ता समिति गठन गरी सरसफाई गरिएकोमा वडा नं. ४, ६ र ७ मा गरिएको सरसफाईको भुक्तानी समेत भईसकेको छ भने बाँकी वडाहरुको भुक्तानी हुने क्रममा रहेको छ। वडा नं. १ र ८ मा नगरपालिकाकै जे.सि.बि. प्रयोग गरी सडक सरसफाई गराइएको अवस्था छ। त्यस्तै खानेपानी तर्फ १४ वटा योजनाहरु र सिंचाई कुलो तर्फ ७ वटा योजनाहरुमा बजेट बिनियोजन गरिएकोमा ४ वटा खानेपानीका योजना सम्पन्न भईसकेका छन् भने १० वटा कार्यान्वयनको क्रममा रहेका छन्। सिंचाई तर्फका सबै योजना कार्यान्वयनको चरणमा छन्।

## ४.३. उद्योग

- आ.व ०८१/८२ को पुस मसान्त सम्म कृषि तथा पशुपन्छी फर्म २३ वटा,किराना तथा चिया होटेल ६ ग्यारेज,मोटर पार्टस कुटानी पिसानी मिल ५ वटा र अन्य ९ वटा गरी ४३ वटा नयाँ व्यवसायहरु दर्ता भएका छन् ।

## ४.४. दमकल

- अकस्मात परि आउने आगलागीका घटनाहरु नियन्त्रण गर्न २४ सै घण्टा सतर्क अवस्थामा रहेको नगरपालिकाकको दमकल प्रयोग गरी २ वटा आगलागीको घटना नियन्त्रण गरिएको

# ५. सुशासन तथा संस्थागत विकास

## ५.१ प्रशासन/जिन्सी

- नगरकार्यपालिकाको कार्यालयमा कार्यरत स्थायी कर्मचारी -२५ जना, स्वास्थ्य चौकीहरुमा कार्यरत स्थायी कर्मचारी संख्या-१७ जना, वडा कार्यालयहरुमा कार्यरत स्थायी कर्मचारी संख्या-१६ गरी दरवन्दी संरचना अनुसार स्थायी कर्मचारी संख्या-५८ जना छन् ।
- नगरकार्यपालिकाको कार्यालयमा करार सेवामा कार्यरत कर्मचारी संख्या-२६, परियोजना तर्फ करार सेवामा कार्यरत कर्मचारी-१४, स्वास्थ्य सेवा तर्फ करार सेवामा कार्यरत कर्मचारी-३१, कोभिड अस्पताल तर्फ करार सेवामा कार्यरत कर्मचारी-२, एक विद्यालय एक नर्स कार्यक्रम तर्फ करार सेवामा कार्यरत विद्यालय नर्स संख्या-५ र वडा कार्यालय तर्फ करार सेवामा कार्यरत कर्मचारी संख्या-१६ गरी जम्मा करार सेवामा कार्यरत कर्मचारी संख्या ९४ जना गरी नगरपालिका-र अन्तर्गतका कार्यालयमा कार्यरत स्थायी) र करार कर्मचारी (संख्या-१५२ जना रहेको छ।

- जनप्रतिनिधि-४७जना, कर्मचारी-१२१ जना र शिक्षक-२११ जना गरी जम्मा ३७९ जनाको आ २०८०।०८१को सम्पत्ति.व.विवरण संकलन गरी मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय बागमती प्रदेशमा बुझाइएको छ।
- चालू आ मा कानून निर्माण तर्फ.व.कार्यविधि-३, निर्देशिका-१ गरी जम्मा-४ वटा कानुनहरु निर्माण गरिएको छ।
- स्थायी सेवा वा पदमा कार्यरत कर्मचारीहरुले आ २०८०।०८१.व.का लागि भरी पेश गरेको कार्य सम्पादन मूल्याङ्कन फारमलाई मूल्याङ्कन गर्ने गराउने कार्य सम्पन्न भएको छ।
- आ .व.२०८१।०८२ को लागि नगरसभाबाट स्वीकृत भएको नीति, कार्यक्रम र बजेट समावेश भएको एकीकृत योजना पुस्तिकालाई सम्पादन र छपाई गर्ने काम सम्पन्न गरी वितरण भइरहेको छ, भने आर्थिक ऐन-२०८१, विनियोजन ऐन-२०८१ स्थानीय राजपत्रमा प्रकाशन गरी वितरण गरिएको छ ।
- **कर्मचारी व्यवस्थापनः** -कानुन अनुसार नियुक्ति, बढुवा, पदस्थापन, जिम्मेवारी हेरफेर, करार म्याद थप लगायतका कार्य गरी कर्मचारी व्यवस्थापनको कार्य गर्दै सेवा प्रवाहलाई नियमित चुस्त, दुरुस्त, प्रभावकारी, पारदर्शी एवम् सवल सक्षम बनाउने काम भइरहेको ।
- धुनिवेशी नगरपालिका वडा नं. ७ ( साविक नौविसे गाविस वडा नं. ७ र ८) स्थित चिसापानी, तोप्लाङ, खावा, मजुवा, लिखु, तल्लो बाह्रविसे लगाएतका क्षेत्रका जग्गाको मोठ श्रेष्ता र नापी नक्साको विवरण मकवानपुर जिल्ला स्थित मालपोत कार्यालय शिखरकोट र नापी कार्यालय शिखरकोटमा रहेकोमा उक्त मोठ श्रेष्ता र नापी नक्साको विवरण मालपोत एवं नापी कार्यालय धादिङलाई हस्तान्तरण गर्नका लागि आवश्यक पहल भइरहेको छ।
- नगरपालिकालाई विपक्षी बनाई सम्मानित अदालतमा दायर भएका मुद्दामा नगरपालिकाको तर्फबाट प्रतिउत्तर लगाई तारेखमा बसी मुद्दाको पूर्पक्षका लागि बहस पैरवी गर्ने गराउने कार्य भईरहेको छ ।
- यस नगरपालिका र तिलगंगा आँखा प्रतिष्ठान बिच नेपाल आँखा कार्यक्रम अन्तरगत साझेदारीमा शहरी आँखा केन्द्र सञ्चालनको लागि भएको सम्झौता अनुसार नौविसे स्वास्थ्य चौकीमा रहने शहरी आँखा केन्द्र संञ्चालनका लागी अप्टिकल फिटर पद संख्या१को करार सेवामा पदपूर्ती गरिएको साथै -नेत्र सहायक पद संख्या ,१- नागरिक आरोग्य केन्द्रमा ज्यालादारी करार सेवामाकार्यालय सहयोगी १ जना व्यवस्थापन गरिएको छ।
- आ २०८१।०८२.व.को श्रावण देखि पौष मसान्त सम्म ७ पटक नगर कार्यपालिकाको वैठक बसेको छ। कार्यपालिका वैठकबाट भएका निर्णयहरु सम्बन्धित शाखा, कर्मचारी र कार्यालयसँग समन्वय गरी निर्णय कार्यान्वयनमा सहजीकरण गरिएको छ ।
- आ २०८१।८२को.व.श्रावण देखि पौष मसान्त सम्म कार्यालयमा १ हजार ६ सय ६४ वटा चिठीपत्र दर्ता भएका छन् भने कार्यालयबाट बाहिरिएका चिठीपत्रको संख्या १ हजार ६ सय ३९ वटा रहेको छ । कार्यालयमा दर्ता भएका चिठीपत्रहरुको सम्बन्धित शाखा मार्फत कार्यसम्पादन एवम् कार्यसम्पन्न गरिएको छ।
- नगरपालिका कार्यालयमा गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ । नेपालको संविधानको धारा २७, सूचनाको हक सम्बन्धी ऐन2064 , नियमावली २०६५ र सोको कार्यविधि २०७२ बमोजिम कार्यालयमा भए गरेका कामका विषयमा सूचना माग भएको अवस्थामा सम्बन्धित व्यक्तिलाई सूचना अधिकारी मार्फत सूचना एवं जानकारी उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। कार्यालयका प्रत्येक वडा

तथा विषयगत शाखाबाट भए गरेका काम कारवाहीहरु प्रत्येक ३ ३/महिनामा सूचना अधिकारी मार्फत स्वतःप्रकाशन गरी नगर कार्यपालिकाको कार्यालयको वेबसाइटमा राखी सू-सूचित गर्ने गरिएको छ।

- नगरकायपालिका कार्यालय र वडा कार्यालयबाट सम्पादन हुने मुख्य मुख्य कार्यहरु समेटिएको नागरिक वडापत्रको निर्माण गरी नगरकार्यपालिकाको कार्यालय र सबै वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिएको छ।
- स्थानीय ईन्जिनियरिङ्ग सेवा, सिभिल समुह, अधिकृतस्तर नवौ तहको सि.डि.ई .ईन्जिनियर पदमा श्री सत्य नारायण शाहलाई लोक सेवा आयोग बागमती प्रदेशको सिफारिस बमोजिम बढुवा नियुक्ति गरिएकोमा ५८ वर्षे उमेरहदका कारण सेवाबाट अनिवार्य अवकास दिइएको छ।
- स्थानीय कृषि सेवा, भेटेरिनरी समुह, पशु चिकित्सक, अधिकृत स्तर आठौं तहको पदमा लोक सेवा आयोग बागमती प्रदेशको सिफारिस बमोजिम सुरज भण्डारीलाई स्थायी नियुक्ति गरी पशु सेवामा पदस्थापन गरिएको छ।
- राष्ट्रिय सर्तकता केन्द्रको आयोजनामा मिति २०८१ भाद्र ३१ गते धुनिवेशी नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई सदाचार शिक्षा सम्बन्धी अन्तरसम्वाद एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।
- वायु गुणस्तर तथा स्वास्थ्यलाई मध्यनजर गर्दै विश्व स्वास्थ्य संगठनको सहयोगमा प्राप्त भएको Air Quality Monitoring Station (AQMS) यस धुनिवेशी नगरपालिकाको प्राङ्गणमा जडान गरी संचालनमा रहेको छ।

## ५.२ आर्थिक प्रशासन

- आर्थिक वर्ष २०८०/८१ मा ९१ करोड तिन लाख ६९ हजार ३ सय ३५ रुपैया को बजेट तर्जुमा भएकोमा संघीय वित्तीय हस्तान्तरण मार्फत रु.३४ करोड ९९ हजार ७ सय ४०, प्रदेश वित्तीय हस्तान्तरण मार्फत ७ करोड ७५ लाख ५३ हजार ४ सय २६, राजस्व बाडफाँट मार्फत १३ करोड ४३ लाख ५९ हजार ८ सय ७९ र आन्तरिक स्रोत ६ करोड १८ लाख ४८ हजार ९९ र अघिल्लो आर्थिक वर्षको वैक मौज्दात ३ करोड ५३ लाख ६१ हजार ३ सय ८१ गरी कुल ६४ करोड ९१ लाख १२ हजार ८३ प्राप्त भएको छ। यस अवधिमा कुल अनुमानको ७१.३ प्रतिशत प्राप्ति भएको थियो।
- गत आ.व मा चालु तर्फ ३८ करोड २० लाख ४१ हजार ६ सय १९ तथा पुजीगत तर्फ २३ करोड ९० लाख ६६ हजार ७ सय ७३ गरी कुल ६२ करोड ११ लाख ८ हजार ३ सय ९२ खर्च भएको छ। विनियोजनको तुलनामा चालु तर्फ ७४.७१ तथा पुजीगत तर्फ ५९.५३ प्रतिशत गरी औसतमा ६७.१२ प्रतिशत खर्च भएको छ भने कुल प्राप्तिको ९५.६८ प्रतिशत खर्च भएको छ ।
- क्षेत्रगत रुपमा आ.व. ०८०/८१ मा आर्थिक विकास क्षेत्रतर्फः १ करोड ५३ लाख २० हजार ८ सय ७२, सामाजिक विकास क्षेत्रतर्फः १८ करोड ७१ लाख ५ हजार ८ सय ६६, पूर्वाधार विकस क्षेत्रतर्फः २५ करोड ३६ लाख ५५ हजार ४५, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फः ३ करोड ३० लाख ६७ हजार ७ सय ३, कार्य सञ्चालन तथा प्रशासनिक खर्चः १२ करोड ६३ लाख ६७ हजार ८ सय ११ खर्च भएको छ।
- चालु आर्थिक वर्ष ०८१/८२ को लागि ८८ करोड १६ लाख ८९ हजार ६ सय ६६ रुपैयाको बजेट निर्माण भएकोमा पुस मसान्तसम्म कुल प्राप्ति तर्फ संघीय वित्तीय हस्तान्तरण मार्फत १७ करोड ७० लाख ३५ हजार ५ सय, प्रदेश वित्तीय हस्तान्तरण मार्फत ३ करोड ४७ लाख ९८ हजार, राजस्व बाडफाँट मार्फत

६ करोड ८३ लाख ७३ हजार ५ सय ७४ र आन्तरिक स्रोत तर्फ २ करोड ३० लाख ८१ हजार ८ सय ६६ प्राप्त भएको छ। गत बर्षको बैंक मौज्दात वापत २ करोड ८० लाख ०३ हजार ६ सय ९१ रुपैया रहेको छ । हालसम्म जम्मा ३३ करोड १२ लाख ९२ हजार ६ सय ३२ मात्र प्राप्त भएको छ जुन वार्षिक लक्ष्यको तुलनामा ३७.५७ प्रतिशत हो।

- पुस मसान्तसम्म चालु तर्फ १५ करोड ८५ लाख ७६ हजार ८ सय ९२ र पुजिगत तर्फ२ करोड ९३ लाख ३३ हजार २ सय २९ गरी कुल जम्मा १८ करोड ७९ लाख १० हजार १ सय २२ खर्च भएको छ। यो विनियोजनको तुलनामा २१.३१ प्रतिशत हो भने प्राप्तिको तुलनामा ५६.७१ प्रतिशत हो।
- नगरपालिकाको मासिक आय व्यय विवरण नगरपालिकाको वेभसाइट मार्फत सार्वजनिक गरिएको छ।
- विपद् व्यवस्थापनका लागि संघिय सरकारबाट ७५ लाख र प्रदेश सरकारबाट १० लाख प्राप्त भएको छ।

### न्यायिक समिति

- आ.व २०८१/८२ मा न्यायिक समिति अन्तर्गत औद्यगिक विवाद -१,बाटो विवाद -३ र जग्गा विवाद -४ गरी जम्मा ८ वटा उजुरीहरु दर्ता भएको ३ वटा फछ्र्यौट भईसकेको र बाँकी ५ वटा फछ्र्यौटको प्रकृयामा रहेका छन्।

### ५.३ सूचना प्रविधि

- नगरपालिका,वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी जडान कार्य अन्तिम चरणमा पुगेको छ।
- नगरपालिकाबाट प्रकासित हुने विभिन्न सूचना,जानकारी ,निर्देशनहरु नगरपालिकाको वेभसाईट तथा समाजिक सञ्जाल बाट निरन्तर प्रकाशित गर्ने कार्य नियमित भईरहेको छ।
- नगरपालिका, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थामा रहेको ICT ईक्युपमेन्टहरुको मर्मत संभार कार्य भईरहेको छ।

### ५.५. नगर प्रहरी

- नगरको नियमित शान्ति सुरक्षामा विषेश ध्यान दिइरहेको।
- नगरपालिकाको कार्यालयमा २४ सै घण्टा डिउटीमा खटिएको ।
- डेंगु रोग विरुद्धको कार्यक्रममा विभिन्न स्वास्थ्य शाखाका कर्मचारीहरुसंग हातेमालो गरि विभिन्न स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमा खटिई सहयोग गरेको ।
- विपद्मा परी मृत्यु भएका पशुहरुको सुरक्षित तरिकाले व्यवस्थापन गरिएको ।
- ढुंगा,गिट्टी र बालुवा खानीहरुको नियमित अनुगमन गर्ने गरिएको ।
- रोटरी क्लव संग विभिन्न विद्यालयहरुमा ६-१२ वर्ष सम्मका बालबालिकाहरुलाई विभिन्न सामाग्रीहरु वितरण गर्न सहजिकरण गरिएको ।
- लैगिक हिंसा विरुद्धको कार्यक्रममा सहभागी भई सहजिकरण गरिएको ।
- नियमित रुपमा फहोरमैला व्यवस्थापनको निरिक्षण र अनुगमन गरिएको ।

- विभिन्न स्थानिय पर्व जात्रा तथा मेलाहरुमा सुरक्षा दिदै आएको ।
- नियमित रुपमा यस कार्यालयबाट संचालित व्याकहो लोडरमा डिउटी खटिएको ।

अवैध रुपमा खोला किनारबाट ढुङ्गा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ निकाल्ने गाडीहरुको साँचो जफत गरि जरिवाना तिराई फिर्ता गर्ने गरेको।

## १०.ऐन, नियम, विनियम, कार्यविधि वा निर्देशिकाको सूची

धुनिवेशी नगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधि, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ। उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची धुनिवेशी नगरपालिकाको वेबसाइट www.dhunibeshimun.gov.np मा कार्यविधि संगालो र ऐन, निमावली, दिग्दर्शन, निर्देशिका, नीति, प्रतिकार्य योजना मापदण्डको संगालो राखिएको छ।

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

नियमानुसार आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण नगरपालिकाको वेबसाइट www.dhunibeshimun.gov.np र फेसबुक पेजमा समेत राखिएको छ।

## १२. तोकिए बमोजिमको अन्य विवरण

नियमानुसार तोकिए बमोजिमको अन्य विवरणहरु समेत नगरपालिकाको वेबसाइट www.dhunibeshimun.gov.np र फेसबुक पेजमा समेत राखिएको छ।

## १३. धुनिवेशी नगरका निर्वाचित जन प्रतिनिधिहरुको विवरण

| क्र.सं. | नाम | पद | मोबाइल नम्बर |
|---|---|---|---|
| १ | वाल कृष्ण आचार्य | नगर प्रमुख | ९८५१०४४६५७ |
| २ | सुरज उप्रेती | नगर उपप्रमुख | ९८५११०१३९८ |
| ३ | मान बहादुर तामाङ | १ नं. वडा अध्यक्ष | ९८४१००१४५६ |
| ४ | सरिता शाही ठकुरी | १ नं. वडा महिला सदस्य | ९८४३३५६९५७ |
| ५ | सपना परियार | १ नं. वडा दलित महिला सदस्य | ९८४३९८८४३४ |
| ६ | मन बहादुर तामाङ | १ नं. वडा सदस्य | ९८४३५४४१३१ |
| ७ | जंग बहादुर तामाङ | १ नं. वडा सदस्य | ९८४१८९८४०४ |
| ८ | लक्षजित तामाङ | २ नं. वडा अध्यक्ष | ९८५११०७२०३ |

| | | | |
|---|---|---|---|
| ९ | सुमित्रा काफ्ले | २ नं. वडा महिला सदस्य | ९८४९६७३०६५ |
| १० | प्रतिमा रोक्का | २ नं. वडा दलित महिला सदस्य | ९८०८७९८७४९ |
| ११ | शम्भु प्रसाद खकुरेल | २ नं. वडा सदस्य | ९८६१४८९४२६ |
| १२ | मनोज बस्नेत | २ नं. वडा सदस्य | ९८५१०५१८७४ |
| १३ | प्रकाश हमाल | ३ नं. वडा अध्यक्ष | ९८५११४९४७५ |
| १४ | सुनिता मगर | ३ नं. वडा महिला सदस्य | ९८४९१४७८०४ |
| १५ | लक्ष्मी सुनार | ३ नं. वडा दलित महिला सदस्य | ९८६१२८४५७० |
| १६ | नक्कले तामाङ | ३ नं. वडा सदस्य | ९८४१४९९२०७ |
| १७ | हरि प्रसाद सुवेदी | ४ नं. वडा अध्यक्ष | ९८५१०३५८७५ |
| १८ | रिता कुमारी अधिकारी (रेग्मी) | ४ नं. वडा महिला सदस्य | ९८६०१३८३२८ |
| १९ | बिना मिजार | ४ नं. वडा दलित महिला सदस्य | ९८४५२३७४६२ |
| २० | प्रकाश प्रसाद गजुरेल | ४ नं. वडा सदस्य | ९८४१५९३९९६ |
| २१ | केशव मिजार | ४ नं. वडा सदस्य | ९७४५३०६५६५ |
| २२ | विसाल भट्टराई | ५ नं. वडा अध्यक्ष | ९८५१०९५८७४ |
| २३ | सरीता आचार्य | ५ नं. वडा महिला सदस्य | ९८४९०२६५३४ |
| २४ | साबित्री मिजार | ५ नं. वडा दलित महिला सदस्य | ९७४६५०३४५६ |
| २५ | सानुकान्छा तामाङ | ५ नं. वडा सदस्य | ९८१८१८३७२२ |
| २६ | आत्मराम अकौलिया | ५ नं. वडा सदस्य | ९८४९६४९३७६ |
| २७ | रमेश प्रसाद आचार्य | ६ नं. वडा अध्यक्ष | ९८२८८२१६४०, ९८६३४५४९८० |
| २८ | सानु मैया काफ्ले | ६ नं. वडा महिला सदस्य | ९८४०५४६५९१ |
| २९ | लक्ष्मी कामी | ६ नं. वडा दलित महिला सदस्य | ९८१३८९८०५३ |
| ३० | ईश्वर प्रसाद चापागाई | ६ नं. वडा सदस्य | ९८४१८२६३३१ |
| ३१ | राज कुमार कोइराला | ६ नं. वडा सदस्य | ९८५११००९४५ |
| ३२ | यदु नाथ पाठक | ७ नं. वडा अध्यक्ष | ९८५११२७६२३ |
| ३३ | कल्पना तामाङ | ७ नं. वडा महिला सदस्य | ९८०३९७१९९२ |
| ३४ | इश्वरी सुनार | ७ नं. वडा दलित महिला सदस्य | ९८१८९७८४९३ |

| | | | |
|---|---|---|---|
| ३५ | मनोज कुमार तामाङ | ७ नं. वडा सदस्य | ९८६१५२३३६२ |
| ३६ | प्रेम प्रसाद भट्ट | ७ नं. वडा सदस्य | ९८५११८३७४५ |
| ३७ | राम कृष्ण रेग्मी | ८ नं. वडा अध्यक्ष | ९८५११३४४७६ |
| ३८ | सावित्री कार्की | ८ नं. वडा महिला सदस्य | ९८४१७७५५४५ |
| ३९ | अनिता परियार | ८ नं. वडा दलित महिला सदस्य | ९८६५०२५३७५ |
| ४० | प्रभाकर रुपाखेती | ८ नं. वडा सदस्य | ९८५१०४३६०७ |
| ४१ | राज कुमार भण्डारी | ८ नं. वडा सदस्य | ९८४१८९२५०४ |
| ४२ | माधव प्रसाद सिलवाल | ९ नं. वडा अध्यक्ष | ९८५१०५८८०४ |
| ४३ | पवित्रा बुढाथोकी | ९ नं. वडा महिला सदस्य | ९८६७०६८५३९ |
| ४४ | कुमारी सुनार | ९ नं. वडा दलित महिला सदस्य | ९८२३११२७६० |
| ४५ | विक्रम जंग राना | ९ नं. वडा सदस्य | ९८४१८२६२०४ |
| ४६ | जगनाथ चापागाई | ९ नं. वडा सदस्य | ९८४११२१४४६ |
| ४७ | राम शरण सदाशंकर | दलित/कार्यपालिका सदस्य | ९८४३९४०९४८ |
| ४८ | नविन सुनार | दलित/कार्यपालिका सदस्य | ९८१३७६०३७१ |
| ४९ | कृष्ण भुजेल | अल्पसंख्यक/कार्यपालिका सदस्य | ९८६०१९६०७५ |

## १४. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद

| क्र.सं. | नाम,थर | पद | फोन नम्बर |
|---|---|---|---|
| १ | निरज पौडेल | प्रमुख प्रशासकीय अधिकृत | ९८५१२३७९६७ |
| २ | कर्ण बहादुर भुवाजी | सूचना अधिकारी | ९८५१३६११६७ |